राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञावर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ९, असोज ३ गते शुक्रबार, २०८२ (19 September, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# जलेको हेडक्वार्टरबाट प्रचण्डको सम्बोधन

## जेन-जी प्रदर्शन र विध्वंसको भग्नावशेषमा दसौं संविधान दिवस

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** हजारौं सहिदको बलिदान अनि लाखौं नागरिकको त्याग र तपस्यापछि लेखिएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले दस वर्ष पूरा गर्दैछ। जनता आफैंले आफ्नो सम्प्रभुता स्थापित गरेको यो ऐतिहासिक संविधान नेपाली जनताको अविच्छिन्न आन्दोलनको उपलब्धि र जनक्रान्तिको दस्तावेज हो। जसको पृष्ठभूमिमा जनयुद्ध र शान्तिपूर्ण जन आन्दोलनको फ्युजन छ।

भरखरैको 'जेन-जी' आन्दोलनसम्म आइपुग्दा समयले संविधानको निरन्तरतामा अझ विस्तार र परिमार्जन मागेको छ। आजको दिन भरखरैको 'जेन-जी' आन्दोलनदेखि लोकतन्त्रका लागि भएका सबै क्रान्ति र आन्दोलनहरूमा जीवन उत्सर्ग गरेका वीर सहीदप्रति हार्दिक श्रद्धाञ्जली ! बेपत्ता, घाइते, अपाङ्ग योद्धाहरूप्रति सम्मान व्यक्त गर्दछौं। र, त्यो बलिदानका उपलब्धि खेर जान नदिने संकल्प गर्दछौं। हामी यतिखेर ७० भन्दा बढी युवाहरूको जघन्य हत्याको शोकमा छौं। २३ गतेको नरसंहार र २४ गतेको विध्वंसले आम सार्वजनिक सेवा नै अस्तव्यस्त भएको छ। यतिखेर धुलो हेरेर निराश हुने छुट हामीलाई छैन, धुलो टकटक्याएर हामीले निर्माणको क्षमता र इच्छाशक्ति देखाउनु छ।



अहिले सबैभन्दा उच्च प्राथमिकताका साथ देशव्यापी पुनर्निर्माणमा लाग्न म सम्पूर्ण पार्टी पंक्ति र जनसमुदायलाई हार्दिक आह्वान गर्दछु। देश र जनताप्रतिको हाम्रो निष्ठा र प्रतिबद्धता पुनर्निर्माणमा देखिनुपर्छ त्यसका साथै २३ र २४ गतेका घटनाहरूको स्वतन्त्र, निश्पक्ष र उच्चस्तरीय छानबिन आयोग गठन गरी दोषीलाई कारबाहीको दायरमा ल्याउन सरकारसँग माग गर्दछु।

आदरणीय जनसमुदाय, 'जेन-जी' आन्दोलनलाई समयमैं विवेकपूर्वक सम्बोधन गर्न नसक्दा मुलुक आज निकै तरल अवस्थामा प्रवेश गरेको छ। जनतामाथि राज्यले युद्ध

क्रमशः अन्तिम पृष्ठमा

# कार्की सरकार बनेपछि के भने भारत, चीन र अमेरिकाले ?

**काठमाडौं ।** सर्वोच्च अदालतकी पूर्वप्रधानन्यायाधिश सुशीला कार्की अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त भएपछि सात समुद्रपारीको मित्रराष्ट्र अमेरिकाले नेपालमा खोजिएको शान्तिपूर्ण समाधानको स्वागत गर्दै कार्की सरकारले गराउने नयाँ निर्वाचनको तयारीमा नेपालसँग सहकार्य गर्न तयार रहेको बताएको छ।

अमेरिकाले कार्की अन्तरिक सरकारको प्रधानमन्त्री नियुक्त भएको तेस्रो दिन त्यस्तो प्रतिक्रिया दिएको हो। काठमाडौंस्थित अमेरिकी दूतावासले वक्तव्य जारी गर्दै लोकतान्त्रिक समाधानप्रतिको प्रतिबद्धताको लागि राष्ट्रपति रामचन्द्र पौडेल र युवा नेताहरूको प्रशंसा गरेको छ। सोही वक्तव्यमा प्रधानसेनापति अशोकराज सिग्देलको भूमिकाको पनि प्रशंसा गरिएको छ।

'गत हप्ताको दुःखद घटनापछिको शान्तिपूर्ण समाधानको हामी स्वागत गर्दछौं' अमेरिकी दूतावासद्वारा जारी विज्ञप्तीमा उल्लेख छ 'हामी लोकतान्त्रिक समाधानप्रतिको प्रतिबद्धताका लागि राष्ट्रपति रामचन्द्र पौडेल र युवा नेताहरूको प्रशंसा गर्दछौं।

हामी नेपाली सेना र प्रधानसेनापति अशोकराज सिग्देललाई संक्रमणलाई सहज बनाउँदै शान्तिपूर्ण नागरिक सरकार र व्यवस्था पुर्नस्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेकामा सम्मान गर्दछौं।' उसले नेपालमा हुने नयाँ निर्वाचनको तयारीमा सहकार्य गर्न तयार रहेको समेत विज्ञप्तीमा उल्लेख गरेको छ। यसअघि अन्तरिम सरकारका नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीसँग नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत डिन आर थम्प्सनले शिष्टाचार भेटवार्ता गरेका थिए। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबारमा भएको सो भेटमा प्रधानमन्त्री कार्कीले अमेरिकाले नेपाललाई पुऱ्याउँदै आएको सहयोगका लागि धन्यवाद दिँदै आगामी दिनमा पनि त्यसले निरन्तरता पाउने विश्वास व्यक्त गरेको उनको सचिवालयले दावी गरेको छ। त्यस क्रममा राजदूत थम्प्सनले अमेरिकी सरकारको तर्फबाट नवनियुक्त प्रधानमन्त्री कार्कीलाई बधाई दिँदै यसअघि जस्तै प्राथमिकताका साथ नेपाललाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको उल्लेख छ।

यसैगरी बिहीबार अन्तरिम सरकारका नवनियुक्त प्रधानमन्त्री कार्कीसँग उत्तरी छिमेकी चीनका राजदूत चेत सङले सिष्टाचार भेटवार्ता गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भएको उक्त भेटमा प्रधानमन्त्री कार्कीले नेपाल-चीनबीच दुईपक्षीय सम्बन्ध ऐतिहासिक एवं घनिष्ट रहेको र एक चीन नीतिप्रति नेपाल सदैव प्रतिबद्ध रहेको बताएको उल्लेख छ। सोही अवसरमा उनले आगामी दिनमा व्यापार, लगानी, सम्पर्क सञ्जाल, कृषि, ऊर्जा, पर्यटन,

क्रमशः अन्तिम पृष्ठमा

# ०७ सालका विकृति, २०४७ पछिको पुनरावृत्ति

**समय- सन्देश**

विजयलाल श्रेष्ठ

२००७ को परिवर्तनपछि पुरानै शक्तिका बाहकहरु अर्थात् राणाहरूलाई प्रधानमन्त्री बनाइएजस्तै २०४६ को परिवर्तनपछि पनि परिवर्तनअघिको व्यवस्थाकै बाहकहरु प्रधानमन्त्री बनाइए । २०४६ को आन्दोलनले गणेशमान सिंहलाई एक व्यावहारिक र दृढ सङ्कल्पित नेताका रूपमा स्थापित गऱ्यो ।

तर, पञ्चायत फालेर पुनर्स्थापित बहुदलीय व्यवस्थामा समेत पञ्चायती व्यवस्थाकै हस्तीहरु लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापा नै पालैपालो प्रधानमन्त्री बने । उहिल्यै राणाहरूसँग साँठगाँठ गरेको र पछि कयौं सन्दर्भमा पञ्चायतसँग समेत मिलेको नेपाली काङ्ग्रेस त काङ्ग्रेस नै भैहाल्यो, आफूलाई कम्युनिस्ट भन्ने एमाले समेत पञ्चहरूलाई प्रधानमन्त्री बनाएर तिनैको मातहतमा काम गर्न हौसियो । एमालेमा सशक्त हस्ती मानिएका वामदेव गौतम लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा उपप्रधानमन्त्री बने । यो स्थिति देखिसकेपछि नै हो एमालेप्रतिको जनविश्वासमा तुषारापात हुन र ग्रहण लाग्न थालेको । त्यसपछि नेपालमा फेरि 'आयाराम-गयाराम' भनेजस्तै राजनीति संस्थागत भयो । हामी नेपाली यसबेला पनि फेरि चुक्यौं ।

पछिल्लो कालखण्डमा फेरि लगभग उसैगरी इतिहास दोहोरियो; गल्ती-कमजोरीको पुनरावृत्ति भयो । २०४६/४७ मा नेपाली काङ्ग्रेस, 'वाम' मोर्चा र 'संयुक्त राष्ट्रिय जनआन्दोलन' (तत्कालीन माले-मार्क्सवादी, चौम, मशाल, मसाल, सर्वहारावादी श्रमिक सङ्गठन, कम्युनिस्ट लिगलगायत) मिलेर पञ्चायतलाई ढाले । त्यसपछि ती सबै आन्दोलनकारी शक्ति मिलेर अगाडि बढेका भए पञ्चेहरूको 'धोती न टोपी' हुन्थ्यो । व्यावहारिक ज्ञान र इमानको अभावमा पहिले

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ९, असोज ३ गते शुक्रबार, २०८२

## सम्पादकीय

# गणतान्त्रिक संविधानको दशक

नेपालको राजनीतिक इतिहासमै पहिलो पटक जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूद्वारा लेखिएर जनप्रतिनिधिबाटै जारी गरिएको एवम् करिव साढे दुई शताब्दी लामो राजतन्त्र उन्मुलन गरेर गणतान्त्रिक राज्य व्यवस्था संस्थागत गरिएको संविधानले दशक पूरा गरेको छ। यस अवसरमा जनस्तरबाट र राजनीतिक वृत्तबाट संविधानको समीक्षा र मूल्याङ्कन गर्ने प्रयासको थालनी हुनु स्वाभाविक भएको छ।

वस्तुतः नेपालको संविधान २०६३, बहुपक्षीय राजनीतिक सहमतिको दस्तावेज हो। यो संविधान न यसको जननीका रूपमा रहेको तत्कालीन विद्रोही शक्ति माओवादीले चाहे-भनेअनुसारको बन्यो, न त परम्परागत व्यवस्था र प्रणाली टिकाइराख्न चाहने तत्कालीन संसदवादी शक्तिहरूको चाहनाअनुरूपकै भयो। दुवै पक्षका केही मत समेटिँदै र केही मतहरू कुण्ठित हुँदै जारी भएकाले यसप्रति धेरै सन्तुष्ट कुनै पक्ष पनि भएन; सारभूत सहमति र सम्झौतामा दुवै पक्ष बाँधिए।

प्रयोग र अभ्यासका क्रममा वर्तमान संविधानमा धेरै नै समस्या, त्रुटि एवम् जनाकाङ्क्षाको परिपूर्तिमा व्यवधान समेत विद्यमान रहेको पुष्टि भइसकेको छ। तर, प्रतिक्रियावादी-पुनरुत्थानवादीहरूले भनेजस्तो विगतका संविधानहरूभन्दा कमजोर र खराबचाहिँ किमार्थ होइन। अतः जनचाहना र राष्ट्रको आवश्यकताअनुकूल वर्तमान संविधानको अग्रगामी एवम् प्रगतिशील परिमार्जन अपरिहार्य भएको छ। यसतर्फ जनस्तर र जनपक्षीय राजनीतिक शक्तिहरूका तर्फबाट यथाचित पहल हुनु अत्यावश्यक भइसकेको छ। दसौं संविधान दिवसमा सवैलाई शुभकामना!

# ०७ सालका विकृति...

बीपीहरु चुकेजसरी नै २०४७ पछिका 'प्रजातन्त्रवादी' हरु पनि चुके। त्यसैकारण 'प्रजातन्त्र' कालभरि समेत पञ्चहरु नै हावी भए। परिणामत: 'पजेरो संस्कृति' ले जरा गाड्यो। राजनीतिमा 'सुरा-सुन्दरी' को खेल खेलाएर राजनीतिक विकृतिलाई चरमोत्कर्षमा पुऱ्याइयो।

वि.सं. २००७/०८ तिर शान्ति निकुञ्ज विद्यालयमा हामी विद्यार्थीहरूलाई सम्बोधन गर्दै केदारमान व्यथितले भन्नुभएको कुरा याद आउँछ। "एउटा बडेमानको ढुङ्गालाई दुई-चार जनाले लगातार घनले हानिरहँदा पनि त्यो फुट्दैन र अन्त्यमा कुनै एक जनाको प्रहारबाट त्यो फुट्दा उसले नै उक्त ढुङ्गा फुटाएजस्तो देखिन्छ तर यथार्थता त्यस्तो हुँदैन, सुरुदेखि लगातार प्रहार गरिरहेका सवैको सामूहिक चोटकै समग्र प्रतिफलस्वरूप मात्र त्यो ढुङ्गा फुटेको हुन्छ"- व्यथितले भन्नुभएको थियो। ठीक त्यसैगरी राणाविरोधी सवै पार्टी, नेता-कार्यकर्ता र जनताको संयुक्त सङ्घर्ष र प्रयासबाट नै २००७ को परिवर्तन सम्भव भएको हो, नेपाली काङ्ग्रेस एक्लैको प्रयासबाट कदापि होइन। राजा त्रिभुवन 'राजनीतिक शरण' लिन भारत पुगको भए पनि उनले समेत २००७ को क्रान्तिलाई सघाएका थिए। काङ्ग्रेसबाहेक अरू अनेकौं साना-ठूला पार्टीहरु पनि त्यो आन्दोलनमा सहभागी थिए, योगदान पुऱ्याएका थिए। तर, काङ्ग्रेस नेताहरूले उल्टै क्रान्ति त हामीले मात्रै गरेका हौं, राजधानी काठमाडौंले केही गरेकै होइन भनेजस्तो व्यवहार गरे; त्यसैले सरकार आफूहरूले मात्रै बनाउनुपर्ने दावी गरिरहे।

यहींनेर पनि परिस्थितिको सही मूल्याङ्न गर्नबाट नेपाली काङ्ग्रेस चुक्यो। काङ्ग्रेसको त्यो कमजोरीले उसलाई मात्रै क्षति पुऱ्याएन, समग्र नेपालीलाई नै निकै ठूलो असर पुऱ्यायो र मार खेप्न बाध्य पाऱ्यो।

निष्पक्ष भएर र इमानदारिताका साथ भन्ने हो भने त्यतिबेला नेपाल प्रजापरिषद्का अध्यक्ष टङ्कप्रसाद आचार्यको योगदान नेपालका अरू कुनै पनि नेताहरूको भन्दा कम थिएन। राणाशाही ढाल्नमा आचार्यकै योगदान बरू अरूको भन्दा अझ बढी नै थियो होला। यस्तो वस्तुगत तथ्यलाई नकारेर 'बाहुनलाई मार्दैनन्' भन्ने आधारमा मात्रै नेपालमा उनले प्रजापरिषद् खोले भनी होच्याउने र अवमूल्यन गर्ने काम भयो। (रिमाल : पुस्तक प्रकाशित भएको वर्ष : ४३६) 'बाहुनको हत्या गर्दा पाप लाग्छ' भन्ने 'विश्वास' राणाहरूमा रहेकै कारण मात्र टङ्कप्रसाद बाँचेका थिए, नत्र सहिद हुने थिए भन्नेहरु पनि धेरै छन्। त्यसैले उनलाई 'ज्युँदा सहिद' समेत भन्ने गरिएको छ।

माथि नै उल्लेख गरिसकियो कि त्यसबेलाको राजनीतिक परिस्थिति निकै तरल, अस्तव्यस्त र अनिश्चित थियो। राणातन्त्रबाट राजा-प्रजा दुवैथरी 'मुक्त' भएका थिए तर राणाहरु आतङ्कको सहारा लिएर इतिहासलाई फेरि पल्टाउन क्रियाशील थिए। राणाहरूबाट 'मुक्त' भएका स्वेच्छाचारी राजा अरू कसैसँग पनि शक्ति र अख्तियारी बाँड्न चाहँदैनथे। राजनीतिक व्यक्तित्वहरु पनि एकापसमै द्वन्द्व र क्लेशमा फसिरहेका थिए। र, यही मौकामा फस्टाइरहेको थियो वैदेशिक हस्तक्षेप। त्यसबेला आवश्यक थियो सवै राजनीतिक शक्तिहरूबीचको संयुक्त र एकीकृत प्रयास। सशस्त्र 'क्रान्ति' गरेर आएको अनि सत्तामा समेत प्रभावशाली हिस्सा पाएको नेपाली काङ्ग्रेसले नै पहल र अगुवाइ गर्नुपर्ने आवश्यकता थियो। नेपाल प्रजापरिषद् र नेपाल कम्युनिस्ट पार्टीले बारम्बार काङ्ग्रेस नेतृत्वलाई त्यो आवश्यकताको बोध नगराएका पनि होइनन्।

काङ्ग्रेसका मुख्य नेताहरूमा राजनीतिक समझदारी र दूरदर्शिताको अभाव टड्कारै देखियो। आन्दोलनकारी शक्तिहरूसँग मिल्नुको सट्टा उनीहरूले उल्टै दमनकारी राणाहरूसितै मिलेर सरकार बनाए। जनआन्दोलन दबाउन प्रमुख भूमिका खेल्ने चन्द्रबहादुर थापालाई नेपाल सरकारको मुख्यसचिव बनाइयो भने नरशमसेर जबरालाई आईजीपी बनाइयो। परिणामतः जनता विभाजित भए। यसमा मुख्य भूमिका बीपी कोइरालाकै थियो। उनी परिस्थितिको मूल्याङ्कन र आँकलन गर्न अक्षम भए या राजनीतिक नेतृत्वबाट आफ्नो पकड गुम्ला भनेर डराए। पछिल्ला घटनाक्रमहरूले स्पष्ट पार्दछन् कि बीपी आफूलाई अरू पार्टी र नेताहरूभन्दा 'माथि' ठान्ने, अहङ्कारी खालका नेता थिए। बीपीको यही स्वभावका कारण २०१७ को घटना निम्तियो भने गिरिजाप्रसाद-शेरबहादुरको अहङ्कारले २०६१ मा राजा ज्ञानेन्द्रको 'कदम' निम्त्यायो।

त्यसपछि मातृकाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली काङ्ग्रेसको एकलौटी सरकार बन्यो। राष्ट्रियताको प्रवर्द्धन र प्रजातन्त्रको संस्थागत विकास एवम् आर्थिक समृद्धि र प्रगतिको दिशामा त्यो सरकारले पनि केही गर्न सकेन; बरू सत्तामोह र शक्तिको छिनाझपटीका कारण नेपाली काङ्ग्रेस नै टुक्रियो। अरू पार्टीहरूसँग सहकार्यको कुरा त परै रह्यो। एकै पार्टीमा क्रियाशील दाजुभाइ (मातृका र बीपी) ले त मिलेर काम गर्न सकेनन् भने अरू पार्टीसँग मिल्ने कुरा त कल्पनाबाहिरकै भयो। "प्रजातान्त्रिक शक्ति र राजाको शक्तिबीच मेल भइदियो भने यस देशलाई कसैले हल्लाउन सक्दैन"- बीपीले भन्ने गर्थे।

त्यसबेला नेपालको सन्दर्भमा निःसन्देह राजा र नेपाली काङ्ग्रेस नै मुख्य शक्तिकेन्द्र थिए। तर, राजाको शक्ति नेपाली काङ्ग्रेसको तुलनामा निकै ठूलो थियो १७ भदौ, २०१० मा भएको काठमाडौं महानगरपालिकाको चुनावको नतिजाले काङ्ग्रेसको शक्ति ओरालो लागिसकेको स्पष्टै देखाउँथ्यो। काङ्ग्रेस कमजोर भएका बेला अरू प्रजातान्त्रिक शक्तिहरुसँग मिलेर राजाको तुलनामा आफूलाई झन् बलियो शक्तिका रूपमा स्थापित गर्ने र राजतन्त्रलाई 'ठीक ठाउँ' मा राख्ने प्रयास गर्नुपर्थ्यो। देशप्रेमी राजनेताका लागि यो नै बलियो, व्यावहारिक र भरपर्दो रणनीति हुन सक्थ्यो। तर, बीपीले त्यो कुरा महसुस नै गरेनन्; बरू वृहत् राजनीतिक स्वार्थभन्दा बेग्लै अनि आफू र आफ्नै पार्टीबाहेक कसैलाई नटेर्ने, नगन्ने प्रवत्ति देखाए। गणेशमान सिंह भने तुलनात्मकरूपले सकारात्मक देखिए तापनि त्यसबेला उनी निर्णायक ठाउँमा थिएनन्। राष्ट्रले चिनेका, गनेका र मानेका अनि अन्तर्राष्ट्रियजगत्मा समेत ख्यातिप्राप्त राजनीतिकर्मीले दूरदृष्टि पुऱ्याउन नसक्दा त्यसबेला हामी चुक्यौं।

नेपाली काङ्ग्रेसका शीर्षस्थ दुई नेता (मातृका र बीपी) बीच नै फुट भएपछि राजाले ती दुईमध्ये एकलाई छान्नैपर्थ्यो, उनले मातृकालाई छाने र समर्थन गरे। भारतको छनौटमा समेत उनै परे किनकि बीपी नै जयप्रकाश पक्षका थिए। मातृकाको पक्षमा देशव्यापी जनसमर्थन बीपीको तुलनामा निकै कम भएकाले आफ्नो गद्दी सुरक्षित राख्ने हिसाबले उनी नै छनोटमा पर्नु स्वाभाविक थियो। त्यसपछि अराजनीतिक भारदारहरु मन्त्री बनाइए, राजनीतिक व्यक्तित्वहरु पाखा लगाइए। वस्तुतः फलाम तातेका बेला घन बजार्नमा नेताहरु चुके; सामन्ती राजतन्त्रले संस्थागत हुने अवसर पायो र मुलुकले कोल्टे फेर्न सकेन।

हिन्दूस्तान भर्खरै स्वतन्त्र भएको थियो। त्यहाँको स्वतन्त्रता आन्दोलनमा बीपीले समेत भाग लिएका थिए। जवाहरलाल नेहरु प्रजातन्त्र, स्वतन्त्रता, उपनिवेशविरोधी र हस्तक्षेपविरोधीका प्रतीक बनेका थिए। त्यसैले नेपालमा समेत प्रजातान्त्रिक सुधार ल्याउनका निम्ति नेहरूले गरेको चेष्टा र सहयोगलाई यहाँका राणाहरूले निको नमान्नु स्वाभाविक थियो। प्रजातन्त्रको स्थापना र प्रवर्द्धनका निम्ति नेपाली काङ्ग्रेसलाई नेहरूले सक्दो सहयोग पुऱ्याए। यिनै कारणहरूले गर्दा भारत, भारतीय नेता र जनताप्रति नेपालीमा विश्वास जागेको थियो। भारत, राजा र राणाबीच त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गर्न आफूलाई दबाव दिइएकोबारे बीपीले भनेका छन्- "त्यहाँ अर्को उपाय थिएन, या नेपाली काङ्ग्रेसले सशस्त्र सङ्घर्ष नै अघि बढाउनुपऱ्यो, या त सही गर्नुपऱ्यो; त्यसैले मजबुरीमा परेर काङ्ग्रेसले सही गरेको।"

त्यसपछि बीपी नेपालको गृहमन्त्री बने। अघिल्लो दिनसम्म राणाहरूको कैदी थिए, भोलिपल्ट बराबरीको आशनग्रहण गर्न पुगे। त्यसपछि त सधैं नै यत्तिकै हुन्छ भन्ने भ्रम उनमा पलाएको सहजै अनुमान गर्न सकिन्छ। गोविन्दनारायण सिंह राजाको सचिव बनेर दरबारमा पसेपछि त्यसप्रति बीपी र काङ्ग्रेसको सूक्ष्म ध्यान पुग्नुपर्थ्यो। त्यसतर्फ पटक्कै ध्यान दिइएन।

राणा-काङ्ग्रेसको संयुक्त सरकार ढलेपछि बीपी प्रधानमन्त्री बन्न चाहेका थिए। त्यसबेला 'बीपी प्रधानमन्त्री बन्ने कुरा भारतलाई स्वीकार्य नहुने' मातृकाले बताए। पछि राजा त्रिभुवनबाटै समेत सोही कुराको पुष्टि भएपछि भारतीय हस्तक्षेपको गम्भीरताप्रति बीपीका आँखा खुल्नुपर्थ्यो तर खुलेनन्। अनेकौं प्रयत्न गर्दा पनि परिस्थिति उनको अनुकूल भएन। झन् उल्टै 'चीनको खतरा' देखाएर अरू राष्ट्रिय शक्तिहरूलाई समेत सरकारमा रहभागी गराइएन। केही पछि त त्यसको शिकार बीपी आफैं भइहाले। नेताहरूले जानिबुझीकनै बुझ पचाइदिँदाको परिणाम थियो त्यो।

पार्टीहरूबीच डाह, आशङ्का र प्रतिस्पर्धा झन् बढ्यो, शत्रुतापूर्ण व्यवहार हुन थाल्यो। पार्टी-पार्टीबीच र एउटै पार्टीभित्रका नेताहरूबीच राजालाई खुसी पारेर सत्तामा जाने होडबाजी नै चल्यो। मौकाको फाइदा उठाउँदै राजाले पनि 'फुटाऊ र राज गर' भन्ने अङ्ग्रेजहरूले हिन्दूस्तानमा चलाएको व्यवहारकै अनुशरण गरे। राजा सर्वशक्तिसम्पन्न बने, जताप्रति उत्तरदायी हुनुपर्छ र प्रजातन्त्रलाई संस्थागत गर्नुपर्छ भन्ने सामान्य चेतसम्म पनि नेताहरूमा देखिएन।

### यसरी टऱ्यो संविधानसभाको चुनाव

जनताबाट दण्डित हुने गरी तत्काल चुनावमा जानुपर्ने डर पार्टी र नेताहरूलाई थिएन। त्यसैले उनीहरु जनतातिर होइन, राजातिर लागे। राजाले मात्रै उनीहरूलाई प्रधानमन्त्री वा मन्त्री पद दिन सक्थे, जनताले सक्दैनथे। प्रजातान्त्रिक मान्यताविपरीतको यो स्थिति सिर्जना हुनुमा खासगरी नेपाली काङ्ग्रेस र त्यसैका नेताहरु जिम्मेवार थिए। त्यतिबेलाका दुई-चारजना शीर्ष नेताहरु त भारतीय स्वतन्त्रता सङ्ग्रामबाट अनुभव सङ्गालेका र जेलनेल समेत भोगेका पनि थिए। त्यसैले प्रजातन्त्र कसरी संस्थागत हुन्छ र मुलुक अघि बढ्छ भन्ने ज्ञान उनीहरूमा अवश्य नै थियो। तर, नेपालमा आएर देशलाई राणाहरूको चङ्गुलबाट मुक्त गरिसकेपछि तिनीहरु समेत पद र पैसामा लोभिए।

नेताहरूमा झाँगिएको सत्तामोह र सत्तामोहलाई सैद्धान्तिक मतभेदको आवरणले ढाकछोप गर्ने प्रयास भयो। त्यतिबेलाको प्रमुख राजनीतिक मुद्दा नै संविधानसभाको चुनाव गराउनु थियो। त्यसका निम्ति सवै दल र नेताहरु एकजुट हुनु अनिवार्य थियो। तर, त्यही कुरा भने हुन सकेन। नेपाल कम्युनिस्ट पार्टी, नेपाल प्रजापरिषद् र तिनका जनसङ्गठनहरु मिलेर 'नेपाली जनवादी जनतान्त्रिक मोर्चा' को गठन गरी त्यसतर्फको पहल पनि गरिएको थियो। केही वर्ष ठूलठूला आन्दोलन पनि भए। तर, त्यो पहल पनि नेपाली काङ्ग्रेसको विरोधमै सीमित भयो। नेकपाभित्र समेत राजावादी प्रवृत्तिको घुसपैठ हुँदै जाँदा त्यो आन्दोलनले गति लिन सकेन र अन्ततः सो मोर्चा नै भङ्ग भयो। आपसी द्वन्द्व, द्वेष र ईर्ष्याका कारण राष्ट्रको मूल राजनीतिक एजेन्डा नै ओझेलमा पऱ्यो। बिस्तारै नेताहरु संविधानसभा चुनावको विपक्षमा उभिन पुगे। २००६ मा नेपाली काङ्ग्रेसले 'महाराजाधिराजको वैधानिक नायकत्व' मा जुनसुकै उपायद्वारा भए पनि सत्तामा टिक्ने प्रयास गऱ्यो। त्यो प्रयासले पनि मूर्तरूप लिन सकेन।

अन्ततः २०१५ मा चुनाव त भयो तर संविधानसभाको होइन, संसद्को। राजा महेन्द्र त्यो चुनाव समेत गराउन चाहँदैनथे। एकातिर पार्टीहरूको दबाव अनि अर्कातिर दलहरु स्वयम् आन्तरिक एवम् दल-दलबीचको द्वन्द्व र कलहका कारण कसैले पनि बहुमत ल्याउन नसक्ने ठहरका साथ राजा महेन्द्रले चुनाव घोषणा गरिदिए। प्रहरी, गुप्तचर विभाग, सैनिक गुप्तचर र दरबारकै गुप्तचरहरूले चुनावमा दलहरूको स्थिति नाजुक हुने प्रतिवेदन दिएकाले नै ०१५ सालको चुनाव गराउन राजा तयार भएका थिए।

काङ्ग्रेससँगको द्वन्द्वकै कारण टङ्कप्रसाद आचार्यजस्ता राजनीतिज्ञ समेत संविधानसभाको चुनाव नगराउने राजाकै कदममा साथ दिन पुगे। कतिपय पार्टी त घोषितरूपमै संविधानसभाको चुनाव नगराउने पक्षमा उभिए। बीपी कोइरालाले त १४ असार, २०१३ मा प्रधानमन्त्री टङ्कप्रसाद आचार्यका विरूद्ध सर्वोच्च अदालतमा मुद्धा नै दर्ता गराए। उक्त मुद्धालाई सर्वोच्चले १८ साउनमा खारेज गरिदियो। त्यसबेला नेकपाले संविधानसभाकै चुनाव हुनुपर्ने निर्णय गरिसकेको थियो। तर, नेपाली काङ्ग्रेसले दह्रो अडान लिन सकेन। यदि काङ्ग्रेसले त्यतिबेला संविधानसभाको पक्षमा अडान लिइदिएको भए आजसम्म देशको स्थिति अर्कै भइसकेको हुन्थ्यो। दलहरूबीचको बेमेल र अन्तर्द्वन्द्वबाट राजा महेन्द्रले फाइदा उठाए र पञ्चायती निरङ्कुशता लादे।

राजाले नै 'दिएको' संविधानको मातहत रहेर दलहरु चुनावमा जाने र राजनीतिक गतिविधि गर्ने भएपछि राजाको हात स्वतः माथि पर्ने नै भयो; जनताको हात तल पर्ने नै भयो। यस्तो अवस्थामा चुनावै जितेर आएका जनप्रतिनिधि र प्रधानमन्त्री समेतले राजाकै 'निगाह' मा चल्नुपर्ने स्थिति आउनु स्वाभाविकै थियो। यसो हुँदा राजा तथा जनता दुवै पक्षसँग प्रधानमन्त्री वा सरकारको द्वन्द्व र असमझदारी कायम रह्यो। संविधानसभाको चुनाव हुन नसकी संसद्कै चुनावबाट आएको भए तापनि जननिर्वाचित प्रथम प्रधानमन्त्रीले राजालाई सुधार्दै र आफ्नो दक्षता प्रदर्शित गर्दै कुशलतापूर्वक प्रजातन्त्रको हित प्रवर्द्धनमा लाग्नु सक्नुपर्थ्यो। पुर्ख्यौलीदेखि नै हैकम चलाएर आएका राजा र जनताको मतबाट निर्वाचित भएर आएका प्रधानमन्त्रीबीच व्यक्तित्व-टकराव हुन दिनु हुँदैनथ्यो।

गणेशमानजी स्वयम्ले 'राजद्रोह' को मुद्धामा बयान दिने क्रममा २०४६ मा यो तथ्यलाई स्वीकार्नुभएको छ। "अरू त २०१७ सालमा मिलिटरीले राजालाई साथ दियो, मुख्य कुरा त्यो हो भन्छन् नि" भन्ने प्रश्नको जवाफ दिँदै गणेशमान सिंहले भन्नुभएको थियो-

क्रमशः चौथो पृष्ठमा

## प्रदर्शनमा ज्यान गुमाएका ४७ मध्ये २८ को पोस्टमार्टम

**काठमाडौं ।** गत भदौ २३ र २४ गते देशभर भएको 'जेन-जी' प्रदर्शनका क्रममा काठमाडौंमा ज्यान गुमाएका २८ जनामो पोष्टमार्टम भएको त्रिवि शिक्षण अस्पतालले जानकारी दिएको छ । प्रदर्शनको अघिल्लो दिन भदौ २३ गते गोली लागेर २१ जना मारिएका थिए भने दोस्रो दिन ३९ जनाको ज्यान गएको हो । जसमा १७ जना ३० वर्षभन्दा कम उमेरको रहेको थिए । प्रदर्शनका क्रममा भएको विभिन्न व्यापारिक भवन र निजी घरमा भएको आगलागीमा परी १५ जना त्यसभित्रै जलेर ज्यान गुमाएको समेत फेला परेको छ ।

यसैगरी, जेलबाट भाग्ने क्रममा ५ बालबन्दी र ५ कैदीबन्दीको समेत मृत्यु भएको थियो । त्रिवि शिक्षण अस्पतालका फोरेन्सिक विभाग प्रमुख डा. गोपाल चौधरीले मृतकमध्ये ७ जनाको शव चिन्न नसकिने अवस्थामा रहेका छन् । ती शव परीक्षणका लागि डीएनए परीक्षण गर्नुपर्ने जानकारी दिँदै उनले दाँत, फिंगर प्रिन्टबाट शव परीक्षण हुने बताए । काठमाडौं उपत्यकामा दुई दिनमा मारिएका ४७ मध्ये २८ जनाको पोस्टमार्टम भएकामध्ये २३ शव परिवारले बुझेर लगेका छन् ।

यसैबीच, मृतक तथा घाइते परिवार संघर्ष समितिले सरकारसँग १४ बुँदे माग अघि सार्दै सुनुवाई नभई शव नउठाउने अडान लिएको थियो । आइतबार राति प्रधानमन्त्री निवास बालुवाटारअघि भेला भएर पीडित परिवारले आफ्ना माग सम्बोधन नगरी मन्त्रीहरू नियुक्त हुन थाले शव नउठाउने भन्दै नाराबाजी गरेका थिए । सोमबार प्रधानमन्त्री सुशीला कार्कीले मागपत्र बुझ्दै कार्यान्वयनका लागि मुख्य सचिव एकनारायण अर्याललाई निर्देशन दिएपछि आफन्त शव उठाउन राजी भए । कतिपय शवहरू यसअघि पनि उठेको छ ।

आइतबार नै प्रधानमन्त्री कार्कीले 'जेन-जी' प्रदर्शनका क्रममा मृत्यु भएकालाई सहीद घोषणा गर्ने र प्रत्येक मृतक १० लाख राहत घोषणा गरेकामा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले त्यसमा ५ लाख थपेर १५ लाख पुऱ्याउने निर्णय गरेको छ । मृतकलाई सहीद घोषणा गर्ने, राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गर्ने, शव लैजान गाडी र दुर्गममा हेलिकोप्टरको व्यवस्था गर्ने निर्णय पनि भएको छ ।

मृतकका आफन्तलाई शिक्षा, स्वास्थ्य, रोजगारीको सुनिश्चितता, संसद भवनको प्रवेशद्वार र सम्बन्धित जिल्लामा सहीदहरूको सालिक निर्माण गर्नुपर्ने लगायतका माग राखेका छन् । काठमाडौंमा भएको 'जेन-जी' आन्दोलनका क्रममा गोली लागेर मृत्यु भएकाको शव त्रिवि शिक्षण अस्पताल पुऱ्याइएको थियो ।

## क्षतिग्रस्त माओवादी केन्द्रीय कार्यालमा सरसफाइ

**काठमाडौं । ।** भ्रष्टाचार नियन्त्रणलगायत सुशासनका पक्षमा सुरु भएको 'जेन-जी' प्रदर्शनले छुट्टै अकल्पनीय रूप लिएपछि मुलुकको ऐतिहासिक धरोहर सिंहदरबारलगायत अधिकांश सरकार, निजी र व्यापारिक संरचनामा आगजनी गरी खरानी बनायो । त्यही प्रदर्शनको दोस्रो दिन भदौ २४ गते नेपाल कम्युनिस्ट (माओवादी केन्द्र)को केन्द्रीय मुख्यालय पेरिसडाँडामा चारैतिर घेरा हालेर आगो लगाइएको थियो ।

'जेन-जी' प्रदर्शनका क्रममा तोडफोड र आगजनी भएको केन्द्रीय मुख्यालय अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को सहभागितामा सोमबार सरसफाइ गरिएको हो । पेरिसडाँडास्थित पार्टी केन्द्रीय कार्यालयको तीन तलामा छरपस्ट अवस्थामा रहेका फोहरलगायतका सामग्री एक ठाउँमा केन्द्रित गरिएको कार्यालय सचिव डोग्प्रसाद उपाध्यायले बताए ।

त्यसअघि अध्यक्ष दाहालले क्षतिग्रस्त पार्टी कार्यालयको अवलोकन गरेका थिए । आगजनीबाट पार्टी कार्यालयमा रहेका फर्निचर, कम्प्युटरलगायत करिब एक करोड ३० लाख बराबरको सामग्री नष्ट भएको माओवादी केन्द्रले जनाएको छ । सोमबार भएको पार्टी कार्यालयको सरसफाइमा वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ पनि जुटेका थिए ।

प्रदर्शनको दोस्रो दिन प्रदर्शनकारीले केन्द्रीय कार्यालयलाई चारैतर्फ घेरा हाल्दा कार्यालयका मुख्य सचिव गणेशमान पुनलगायत नेताहरू कार्यालयमै थिए । सशस्त्र प्रहरीको पहरामा रहने पेरिसडाँडामा भदौ २४ गते पनि प्रहरीकै सुरक्षामै थियो र सुरुमा प्रहरीले प्रदर्शनकारीलाई छेक्न खोजेको थियो । प्रदर्शनकारीको हुल बढ्दै गएपछि प्रहरी पछि हट्यो भने पुनसहितका केन्द्रीय मुख्यालयमा रहेका व्यक्तिहरूलाई त्यहाँबाट निस्कन प्रहरीले आग्रह गऱ्यो । प्रदर्शनकारी भवनभित्र छिरेर तोडफोड र आगजनी सुरु गरेपछि पेसिरडाँडा वरिपरि आतंक फैलिएको थियो ।

त्यस दिनको घटनालाई सम्झँदै मुख्य सचिव पुनले भने 'सबैतिर आगजनी भएको खबर आइरहेको थियो । प्रहरी र साथीहरूले प्रदर्शनकारी हाम्रो पार्टी कार्यालयतिर आउँदै गरेको खबर आयो । कोटेश्वर, च्यासल, तीनकुने सबैतिरबाट प्रदर्शनकारी छिरेका थिए ।' उनका अनुसार प्रदर्शनकारीमध्ये केहीले आगजनी गरे केहीले तोडफोड र केहीले कार्यालयको सामानबाहिर फ्याँकेर भवनमा आगो लगाए । बाहिर फ्याँकिएको फर्निचनलगायत भवनको कम्पाउन्डमा सामग्री जलाइयो । पूर्वप्रधानमन्त्री समेत रहेका पार्टी अध्यक्ष पुष्पकमल दाहाललगायत पदाधिकारीको कार्यकक्ष तोडफोड र आगजनी भए पनि पार्टीको केही कागजात जोगिएको पनि मुख्य सचिव पुनले बताए । उनले पुराना फाइल, फर्निचर, कम्प्युटर र स्टोरमा भएका अन्य सामान जेलर खरानी भएको समेत बताए ।

आगजनीबाट माओवादी केन्द्रको केन्द्रीय मुख्यालय दुई तलासम्म क्षति पुगेको जानकारी दिँदै उनले माथिल्लो तलाको सामान सबै तोडफोड गरी बाहिर फ्याँकिए पनि आगो नपसेको बताए । प्रदर्शनकारीले त्यहाँ रहेको पुस्तकालयमा तोडफोड गरे पनि आगो नलगाएका कारण किताबहरू जल्नबाट जोखिएका छन् । माओवादीको केन्द्रीय कार्यालयको अन्डरग्राउन्डमा रहेको कर्मचारीको कोठामा समेत प्रदर्शनकारीले तोडफोड आगजनी गरेका थिए । उक्त दिन प्रदर्शनकारीहरू बेलुकासम्म त्यहा रहेको जानकारी दिँदै उनले एउटा समूह जाने र अर्को समूह आउने गरेको र रातिसम्म आगजनी भइरहेको बताए । मजदुर, महिला, वाईसीएललगायतको कार्यालय समेत त्यही भवनमा रहेकाले बढी नै क्षति हुन पुगेको मुख्य सचिव पुनले बताए ।

## सर्वोच्चमा पालमुनिबाटै इजलास सञ्चालन

**काठमाडौं ।** सर्वोच्च अदालतले पाल टाँगेर भए पनि बिहीबारदेखि इजलास सञ्चालन गरेको छ । 'जेन-जी' प्रदर्शनकारीबाट आगजनी हुँदा सर्वोच्च अदालतको भवन जलेर काम नलाग्ने भएपछि कर्मचारी बस्ने ठाउँ छैन ।

जलेको भवन र आधा जलेका फर्निचर तथा जलेका असरल्ल गाडीकै अगाड एक छेउमा पाल टाँगेको पालमुनि काठका टेबुल र कुर्सी राखेर एकतर्फ न्यायाधीश र अर्कोतर्फ कानुन व्यवसायी अनि बिचमा इजलास अधिकृत बस्ने व्यवस्था गरी बिहीबारदेखि सर्वोच्चमा इजलास सञ्चालन गरिएको हो । सर्वोच्च अदालतको पूर्ण बैठकले जतिसुकै विषम परिस्थितिमा पनि इजलास बस्ने निर्णय गरेसँगै बिहीबारदेखि इजलास सञ्चालन गरिएको हो । बिहीबारको न्यायाधीश सपना प्रधान मल्लको इजलासमा एउटा र कुमार रेग्मीको इजलासमा दुईटा बन्दी प्रत्यक्षीकरणका निवेदनमाथि सुनुवाइ भएको छ ।

गत भदौ २४ गते 'जेन-जी' प्रदर्शनका क्रममा सर्वोच्च अदालतमा आगजनी भइ भौतिक संरचना जलेपछि इजलास राख्ने ठाउँसम्म नहुँदा पालमुनि इजलास सुरु गरिएको हो । 'आगजनीले इजलास सञ्चालन गर्ने स्थान छैन' सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले भने 'सर्वोच्च अदालतको पूर्ण बैठकले न्यायिक प्रक्रियालाई अगाडि बढाउन बन्दी प्रत्यक्षीकरणको मुद्दामा सनुवाइ अगाडि बढाउने निर्णयअनुसार आजदेखि पालमुनिबाटै इजलास सुरु गरिएको हो ।' भदौ ३१ गते दुईटा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरिएको थियो । सो निवेदनमाथि सुनुवाइ प्रारम्भ गरिएको हो । 'सूचना प्रविधिको उपकरण, सवारीसाधन ठूलो मात्रामा क्षति भएको छ, क्षतिको तथ्याङ्क संकलन भइरहेको छ' उनले भने 'सर्वोच्च, विशेष र जिल्ला गरी २३ अदालत भवनमा क्षति भएका छन्, केहीमा पूर्ण र केहीमा आंशिक क्षति भएका छन्, पूर्ण विवरण आउन बाँकी छ ।'

अदालतको भौतिक संरचना जलेर नष्ट भएसँगै मुद्धाका मिसिल समेत जलेर नष्ट भएका छन् । पूर्णरूपमा क्षति भएका अदालतका मुद्धाका मिसिल पनि पूर्ण रूपमै नष्ट भएका छन् । आंशिक क्षति भएका अदालतमा केही मुद्धाका मिसिल बाँकी छन् । प्रवक्ता कोइरालाले भने- 'पूर्णरूपमा नष्ट भएका मिसिलको हकमा सर्वोच्च अदालतको पूर्ण बैठकले निर्देशिका बनाउने निर्णय गरेको छ, त्यो बन्ने क्रममा छ, सोही अनुसार कुन पक्षबाट मिसिल लिने भनेर निर्णय गर्नेछ ।'

## सप्तकोसीमा बहाव बढेपछि ३५ खुला

**काठमाडौं ।** पूर्वी पहाडी तथा तराईका जिल्लामा वर्षा हुँदा सप्तकोसी नदीमा पानीको बहाव बढ्दै गएको छ । कोशी ब्यारेज भएर बग्ने सप्तकोशीमा पानीको बहावमा वृद्धि भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको हो ।

उक्त नदीमा गरिएको मापनअनुसार दुई लाख ५१ हजार ८६५ क्युसेक प्रतिसकेन्ड पानीको बहाव रहेको प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले जानकारी दिए । बिहीबार साँझको मापनअनुसार नदीमा दुई लाख ४८ हजार २ सय क्युसेक प्रतिसेकेन्ड बहाव रहेको थियो ।

पानीको बहाव बढेपछि कोसी ब्यारेजका ५२ वटा मूल र चारवटा नहरको गरेर ५६ वटा ढोकामध्ये ३५ वटा ढोका खुल्ला गरिएका छन् भने खतरास्वरूप रातो बत्ती बालिएको प्रहरीले जनाएको छ ।

## संविधान दिवसमा टेलिकमको विशेष अफर

**काठमाडौं ।** संविधान दिवसका अवसरमा नेपाल टेलिकमले विशेष 'अफर' घोषणा गरेको छ । नेपालको संविधान २०७२ घोषणाको एक दशक पूरा भएको उपलक्ष्यमा टेलिकमले आफ्ना ग्राहकहरूका लागि 'संविधान दिवस अफर २०८२' उपलब्ध गराइने जनाकारी दिएको हो ।

टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरका अनुसार सो अफर बिहीबारदेखि शनिबारसम्मका लागि लागू अफरअन्तर्गत ४९ रूपैयाँमा एक दिन चलाउन सकिने एक 'एमबिपिएस अनलिमिटेड डाटा' र नेपाल टेलिकमकै 'नेटवर्क'भित्र कल गर्न सकिने १०० मिनेट 'अल नेट भ्वाइस' सेवा उपलब्ध हुनेछ ।

यसैगरी, 'डाटा प्याकेज'अन्तर्गत एक सय ११ मा पाँच दिनसम्म चलाउन सकिने छ जिबी, एक सय ९९ मा सात दिनसम्म चलाउन सकिने १३ जिबी, दुई सय ९९ मा १२ दिनसम्म चलाउन सकिने २० जिबी र तीन सय ९९ मा १५ दिनसम्म चलाउन सकिने ३० जिबी डाटा प्याकेज उपलब्ध हुने कम्पनीले जनाएको छ । टेलिकमले यही अफरअन्तर्गत ७ सय ८९ मा 'फेस्टिभ कम्बो प्याक' पनि लिन सकिने जनाएको छ । प्रिपेड मोबाइल प्रयोगकर्ताका लागि २८ दिन र पोस्टपेड मोबाइल प्रयोगकर्ताका लागि ३० दिनसम्म चलाउन सकिने समयावधि तोकिएको सो प्याकेजअन्तर्गत ३० जिबी डाटा, सबै नेटवर्कमा कल गर्न सकिने ६०० मिनेट 'अल नेट भ्वाइस' सुविधा र २०० 'अल नेट एसएमएस' सुविधा उपलब्ध हुनेछ ।

यस्तै, पोस्टपेड मोबाइल प्रयोगकर्ताले 'फेस्टिभ कम्बो प्याकेज' वा ३० 'जिबी डाटा प्याकेज' लिएमा मासिक रूपमा बुझाउनुपर्ने 'रेन्टल चार्ज'बाटै यो शुल्क काटिने सुविधा समेत उपलब्ध रहेको कम्पनीले जनाकारी दिएको छ ।



# ०७ सालका विकृति...

"२००८ मा जुन-जुन तत्त्वहरु अर्थात् राजा, नेपाली काङ्ग्रेस र हिन्दूस्तान सरकार मिलेर क्रान्तिपछि प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरियो, देशको दुर्भाग्यले तिनै तीन तत्त्व मिलेर प्रजातान्त्रिक व्यवस्थाको संरक्षण र सम्वर्द्धन गर्नुको साटो आपसी मतभेदले गर्दा २०१७ सालमा त्यो व्यवस्था नै समाप्त पारी चिहानबाट बौरिएको राणाशाही भन्न सुहाउने खालको यो पञ्चायती व्यवस्था जनतामाथि सैनिक बलको आधारमा लादियो भन्ने मेरो मनशाय हो ।"

आफूलाई जुन शक्तिले पराजित गर्न सक्दछ, त्यही शक्तिलाई कमजोर पार्न दक्षताका साथ जनशक्ति तयार पारी मुकाबिला गर्नका निम्ति सामर्थ्य जुटाउनुको सट्टा; विभिन्न पार्टीहरूसँग हातेमालो गर्नुको सट्टा उल्टै तिनै पार्टीहरूसँग दुस्मनी बढाउन थालियो । नेपाली काङ्ग्रेसको खास प्रतिद्वन्द्वीका रूपमा थियो गणतन्त्रवादी नेपाल कम्युनिस्ट पार्टी । राजनीतिक संस्कार, प्रजातान्त्रिक मूल्य-मान्यता र इमान छाडेर 'कम्युनिस्टले धर्मकर्म मान्दैनन्, बूढाबूढीलाई मार्छन्...' आदि-इत्यादि भन्दै तल्लोस्तरका झुटा प्रचार गर्न समेत काङ्ग्रेसले बाँकी राखेन । यतिसम्म पनि गरियो कि कुनै बेला नेपाली राष्ट्रिय काङ्ग्रेसको सभापति भइसकेका र दसौं वर्ष जलेजीवन बिताएका प्रजापरिषद्का नेता टङ्कप्रसाद आचार्यलाई बीपी कोइराला गृहमन्त्री भएकै बेला आधारहीन आरोपका भरमा तीन महिनासम्म थुनामा राखियो । यी र यस्तै व्यवहारका कारण एकातिर अरू पार्टीसँग काङ्ग्रेसको वैमनश्यता बढ्दै गयो भने अर्कातिर जनविश्वास गुम्दै जाँदा शक्ति समेत ह्रास हुँदै गयो ।

दलहरूबीच र आफ्नै पार्टीमा समेत काङ्ग्रेस यसरी कमजोर भएपछि राजा त 'शेर' बाट 'सवाशेर' नै हुने भइहाले । काङ्ग्रेस अध्यधिक बहुमतबाट जितेर आएको भए तापनि महेन्द्रजस्ता महत्त्वाकाङ्क्षी राजाले समाप्त पारिदिन कुनै आइतबार पर्खंदैनन् भन्ने कुराको भेउ पाउन नसक्नु काङ्ग्रेस र त्यसका नेताहरूको अदूरदर्शिता नै थियो भन्ने कुरा स्पष्ट नै छ । राजालाई सिधै 'तपाईं राष्ट्रवादी हो तर प्रजातान्त्रिक होइन' भन्न सक्नेले 'राजाबाट सधैं प्रजातन्त्रलाई खतरा हुन्छ' भन्ने यथार्थबोध गर्न सकेनन् । राजाको स्वविवेककै बाहुल्यता रहेको संविधान सधैं खतराको सङ्केत हुन्छ भन्ने यथार्थतालाई आत्मसात् गर्न सकेनन् ।

"प्रजातन्त्रको नाम मात्रले देश र जनताको कल्याणको बदला अकल्याण होओस्, उद्योगधन्दा घटून्, न्याय सुलभ र सजिलो नहोस्, भ्रष्टाचार-घूसखोरी बढोस्, बेकारी बढोस्, सरकारमा गएका र रहेका व्यक्तिले आफ्नै स्वार्थ मात्र हेरून् र अराष्ट्रिय तत्त्वले फाइदा उठाउन् इत्यादि । तसर्थ, अब यी सवै कुराको जिम्मेवारी पनि प्रत्येक नेपालीकै हातमा स्वतन्त्रताका साथसाथै आएको छ । यो सवैले बुझी सहयोगको भावनाले प्रत्येक नेपालीले पाइला चालून् ताकि मैले आफ्नो कर्तव्य पालनाका लागि अरू कुनै कदम चाल्नु नपरोस् । र, साथै म यो पनि भन्न चाहन्छु कि मेरा पनि केही कर्तव्यहरु छन्, ती हुन्-देशको सार्वभौमिकता, राष्ट्रियता र अन्य देश तथा जनहितका कार्यहरूको संरक्षण गर्नु । यदि यसमा कुनै किसिमका सच्चा बाधा आइपर्छन् भने त्यसबेला, जहिलेसुकै र जे गर्नु परे पनि म कदापि हट्ने छैन, जसका लागि म प्रत्येक नेपाली मात्रको सहयोग मात्रै सधैं चाहन्छु" भनेर १ माघ, २०१६ मा राजा महेन्द्रले नेपालगञ्जमा लिखित भाषण गर्दै दिएको 'चेतावनी' का बावजुद पनि काङ्ग्रेसले अरू दलहरुसँग सहकार्य गर्ने चेष्टा गरेन । यहाँ पनि हामी चुक्यौं र पञ्चायती कालरात्रिको पदार्पण भयो ।

अरूको त के कुरा, पञ्चायती व्यवस्था लाद्ने कार्यमा स्वयम् काङ्ग्रेसकै नेताहरु समेत सङ्लग्न भए । नेपाली काङ्ग्रेस, नेपाली राष्ट्रिय काङ्ग्रेस, नेपाल कम्युनिस्ट पार्टी, नेपाल प्रजापरिषद्लगायतका सवै दलका कतिपय नेताहरु निर्दलीय पञ्चायती व्यवस्थाको पृष्ठपोषक बन्न पुगे । कोही मन्त्री भए त कोहीले अञ्चलाधीश, राजदूत आदि बन्न लाज मानेनन् । काङ्ग्रेसका तर्फबाट डा. तुलसी गिरी, विश्वबन्धु थापा, प्रयागराजसिंह सुवाल, परशुनारायण चौधरी आदि र नेकपाका तर्फबाट राधाप्रसाद घिमिरे, डीपी अधिकारी, बासुदेवप्रसाद ढुङ्गाना आदि मन्त्री बने । त्यसैगरी, प्रजापरिषद्का संस्थापक नेता रामहरि शर्मा राजदूत भए भने गोविन्दप्रसाद उपाध्याय अञ्चलाधीश बने ।

यसरी नेताहरूमा सैद्धान्तिक विचलन हुँदा र नालायकीपन देखिँदा समेत खुसी मनाउने जनता र पार्टीहरूको कमी भएन । २००७ मा प्रजातन्त्र आउँदा जनताले जसरी खुसी मनाए, ठीक त्यसैगरी २०१७ मा प्रजातन्त्र खोसिएर पञ्चायत लादिंदा पनि खुसी नै मनाएको देखियो । यति छोटो अवधिमै नेपाली काङ्ग्रेसको नेतृत्व कुन हदसम्म अपरिपक्व, निकम्मा र अलोकप्रिय सावित भइसकेछ भन्ने दृष्टान्त हो, यो प्रकरण ।

राणाको पालामा ज्यान हत्केलामा राखेर राजनीति गर्ने तिनै नेताहरूमा पछिल्लो समय आत्मविश्वासमा ह्रास आउनुका पछाडि निश्चितरूपमै प्रजातन्त्रको पदार्पणपछि भएका गम्भीर त्रुटिहरूकै अहम् भूमिका छ । यसो हुनुमा मुख्य जिम्मेवार कसलाई ठान्ने त ? यसको जिम्मेवारी निःसन्देह नेपाली काङ्ग्रेसले नै लिनुपर्छ । यस्तै क्रियाकलापहरूको जगमा नै जन्मेको हो, बहुदलको पुनर्स्थापनापछि हुर्केको 'पजेरो संस्कृति' । अनि फेरि पनि चुकेनौं त हामी ?

*भक्तलालका सन्तान : गङ्गालाल, पुष्पलाल र हामी*बाट

# २८औं गणेशमान सिंह स्मृति दिवस

**काठमाडौं ।** बिहीबार २०४६ मा प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको जनआन्दोलनका सर्वोच्च 'कमान्डर' गणेशमान सिंहको २८औं स्मृति दिवस विविध कार्यक्रमका साथ मनाइएको छ । नेपाली राजनीतिमा त्याग र साहसको उदाहरणका रूपमा रहँदै आएका सिंहलाई सर्वमान्य नेताका रूपमा लिने गरिएको छ । तत्कालीन राजा वीरेन्द्रले २०४६ को जनआन्दोलन सफल भएपछि सिंहलाई प्रधानमन्त्री बन्न गरेको आग्रहमा उनले आफ्ना समकक्षी नेता कृष्णप्रसाद भट्टराईलाई अघि सार्दै नेपाली राजनीतिमा त्यागको उच्च नमूना प्रस्तुत गरेका थिए ।

काठमाडौंको क्षेत्रपाटीस्थित चाक्सीबारीमा विसं १९७२ कात्तिक २४ गते जन्मिएका नेता सिंहको २०५४ असोज २ मा निधन भएको थियो । काठमाडौंको खानदानी परिवारमा जन्मिएका उनी १९९७ मा स्थापना भएको नेपालको पहिलो राजनीतिक पार्टी प्रजा परिषदको सदस्य भई राणाशासन हटाउने अभियानमा सक्रिय बनेका थिए । राणाशासन अन्त्य गर्ने अभियानमा लागेपछि सिंहलगायतलाई तत्कालीन सरकारले जेल हालेको थियो । २००७ अघि नै भद्रगोल जेल फोरेर भाग्न सफल भएका जोशिला तन्नेरी गणेशमान प्रवास जानुअघि नै तत्कालीन राणा हटाऊ आन्दोलनमा सक्रिय बनेका थिए । जेलबाट भागेर भारतमा पुगी अर्का नेता बिपी कोइरालासँग राजनीतिक सम्बन्ध बनाएका उनले २००३ मा स्थापित नेपाली राष्ट्रिय कांग्रेसको विकास र विस्तारमा आजीवन योगदान दिएका थिए ।

प्रजातन्त्र स्थापनाका लागि भएको २००७ सालको क्रान्तिमा एक अगुवाका रूपमा सिंहले वीरगञ्ज मोर्चामा सशस्त्र संघर्ष गरेका थिए । देशमा प्रजातन्त्र बहाली र पुनः बहालीका लागि समर्पित सिंह सैद्धान्तिक हिसाबले बिपीका अनुयायी र सबैभन्दा ठूला समर्थकका रूपमा रहेका थिए । नेपाली कांग्रेसलाई लोकप्रिय बनाउन उनी सदा क्रियाशील रहेका थिए । २०१५ मा पहिलो निर्वाचन भएपछि बनेको सरकारमा वरिष्ठ मन्त्री बनेका सिंहले २०१७ सालमा प्रजातन्त्र अपहरण भएपछि ८ वर्ष सिंहदरबार र सुन्दरीजल बन्दीगृहमा कारावास जीवन बिताएका थिए । २०२५ मा बिपीसँगै सुन्दरीजल बन्दीगृहबाट रिहा भएपछि प्रवासमा राजनीतिक संगठन विस्तार गरेका सिंहले २०३३ मा बिपीसँगै राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्केर तत्कालीन पञ्चायती व्यवस्थाविरुद्ध सिंहले सक्रिय भूमिका खेलेका थिए ।

२०३६ मा भएको विद्यार्थी आन्दोलन र जनमत संग्रहमा उत्तिकै नेतृत्वदायी भूमिका निर्वाह गरेका उनले बिपीको निधनपछि कांग्रेसका सर्वोच्च नेताका रूपमा २०४२ सालको सत्याग्रह आन्दोलनको नेतृत्व गरे । १९९७ देखि अनवरत राजनीतिमा समर्पित सिंहले २०४६ को आन्दोलनमा महत्त्वपूर्ण योगदान दिएका थिए । कम्युनिस्ट पार्टीसँग मिलेर पञ्चायतविरुद्ध जनआन्दोलनको घोषणा गर्ने गणेशमान सिंह उक्त आन्दोलनको सर्वोच्च कमान्डर रहेका थिए । नेता सिंहको २८औं स्मृति दिवसका अवसरमा बिहीबार कांग्रेसका भ्रातृ एवं शुभेच्छुक संस्थाले विविध कार्यक्रम आयोजना गर्दैछन् । यस अवसरमा बिहीबार बिहान ७:४५ बजे शोभाभगवतीस्थित गणेशमानको सालिकमा माल्यार्पण कार्यक्रम राखिएको जनाइएको छ ।

# प्रदर्शनमा ज्यान गुमाउनेप्रति माधव नेपालद्वारा श्रद्धाञ्जली

**काठमाडौं ।** नेकपा (एकीकृत समाजवादीका) अध्यक्ष माधवकुमार नेपालले 'जेन-जी' प्रदर्शनका क्रममा ज्यान गुमाउने सम्पूर्णप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनले जारी गरेको शोक वक्तव्य शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै उक्त प्रदर्शनका क्रममा घाइते हुने सबैको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

'जेन-जी'का मागप्रति आफ्नो पार्टीले उतिबेला नै समर्थन तथा ऐक्यबद्धता प्रकट गरेको भन्दै उनले जायज मागलाई सम्बोधन गर्नुको साटो तत्कालीन सरकारको दम्भ र अहंकारले धेरै जनधनको क्षति हुन गएको बताए । 'जनताको चाहना र भावना अनुरूप पारदर्शी तथा जनउत्तरदायी शासन प्रणाली कायम गर्न नसक्दा जनतामा उत्पन्न निराशा र आक्रोशको परिणामका रूपमा त्यस घटनालाई स्वीकार गर्नुपर्छ' उनले जारी गरेको सो वक्तव्यमा उल्लेख छ 'नेता र जनताको जीवनशैली बीचको अन्तर, भ्रष्टाचार, कुशासन, बरोजगारी, युवा पलायन तथा आर्थिक सामाजिक रूपान्तरणको मार्गमा हिँड्न नचाहने/नखोज्ने कार्यशैलीका कारण यो अवस्था उत्पन्न भएको कुरालाई समेत मनन गर्नु पर्दछ ।'

अध्यक्ष नेपालले सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, राज्य तथा निजी क्षेत्रलगायत समाजका विभिन्न पक्षसँग हातेमालो एवम् सहकार्य गर्न आफूहरू सदैव तत्पर रहेको स्पष्ट पार्नुभएको छ ।

# संविधानभित्रैबाट समाधान खोजिनुपर्छ : दलहरू

**काठमाडौं ।** विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका आठ राजनीतिक दलले लोकतान्त्रिक एवं कानुनी राज्यमा सबै प्रकारका समस्याको समाधान संविधान र प्रचलित कानुन बमोजिम हुनुपर्नेमा जोड दिएका छन् ।

संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै शनिबार आठ दलले सबै निकाय संविधान र कानुनअनुसार सञ्चालन हुनुपर्ने बताएका हुन् । संविधानसभाबाट जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान विपरीतका कदम स्वीकार्य नहुने खुलस्त पार्दै उनीहरूले प्रतिनिधिसभा विघटन गरिएकामा असहमति जनाएका छन् । संवैधानिक सर्वोच्चता कायम हुनुपर्नेमा जोड दिँदै नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका विघटित प्रतिनिधिसभाका प्रमुख सचेतक र नागरिक उन्मुक्ति पार्टीका अध्यक्षद्वारा हस्ताक्ष गरिएको उक्त संयुक्त विज्ञप्तिमा संसद विघटनको निर्णय सच्च्याउन समेत माग गरिएको छ ।

# निर्वाचन सफल पार्न राष्ट्रपतिद्वारा सहयोगको अपिल

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलले आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन सबै पक्षलाई सहयोग गर्न अपिल गरेका छन् । राष्ट्रपति पौडेलले शनिबार एक वक्तव्य जारी गरी बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा सम्हालिँदै आगामी फागुनका लागि तोकिएको चुनाव सम्पन्न गराउन सबै पक्षलाई हार्दिक अपिल गरेका हुन् ।

'देशको अत्यन्त असहज परिस्थितिमा कठिन प्रयत्नपश्चात एउटा शान्तिपूर्ण निकास निस्किएको छ । संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन्' राष्ट्रपति पौडेलले जारी गरेको वक्तव्यमा भनिएको छ ।

# संविधान पक्षधर शक्तिबीचको सहकार्यमा एमालेको जोड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले संविधान, संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि संविधान पक्षधर शक्तिहरूसँग सहकार्य गर्नुपर्नेमा जोड दिएको छ ।

एमाले महासचिव शंकर पोखरेलले जारी गरेको विज्ञप्तिमा मुलुकमा उत्पन्न असमान्य परिस्थितिमाझ देशको संविधान, लोकतान्त्रिक गणतन्त्र र आन्दोलनका अन्य उपलब्धिको रक्षाका लागि संविधान पक्षधर शक्तिहरूबीच निरन्तर संवाद, समझदारी निर्माण र सहकार्य आवश्यक भएकामा जोड दिएका हुन् ।

महासचिव पोखरेलले गत भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेपछि राजनीति नयाँ प्रक्रियामा प्रवेश गरेको टिप्पणी गर्दै प्रधानमन्त्री नियुक्त हुने बित्तिकै उनकै सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलबाट गरिएको प्रतिनिधिसभा विघटनको घोषणाप्रति नेकपा (एमाले) गम्भीर भएको बताए । यसअघि भदौ २३ र २४ गते भएका घटनाको निष्पक्ष छानबिन गरी दोषीहरूलाई कानुनको दायरामा ल्याउनुपर्नेमा जोड दिएको छ ।

# संविधानको परिधिमा रहेर असन्तुष्टिहरूको सम्बोधन गर्नुपर्नेमा जोड

**काठमाडौं ।** पूर्वसभामुखद्धय अग्नीप्रसाद सापकोटा र कृष्णबहादुर महराले नेपालको संविधानको परिधिमा रहेर परिवर्तनका पक्षधरका माग सम्बोधन गर्नुपर्नेमा जोड दिएका छन् । पूर्वसभामुखद्धय सापकोटा र महराले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिमा भनिएको छ 'ऐतिहासिक संविधानसभाबाट निर्माण गरिएको नेपालको संविधानको परिधिमा रहेर परिवर्तनका पक्षधरको मागलाई सम्बोधन गर्दै अग्रगमनको दिशातिर अगाडि बढ्नुपर्दछ, राष्ट्रपतिबाट भइरहेको पहल स्वागतयोग्य छ, सङ्घीय संसद्बाट तत्काल आवश्यक कानुन निर्माण गरी मुलुकलाई नयाँ जनादेशमा लैजाने मार्ग वैधानिक र उपयुक्त विधि हुनेछ ।'

संविधान कार्यान्वयन तथा सरकार सञ्चालनका क्रममा भएका कमीकमजोरी र कार्यशैलीमा देखापरेका त्रुटीको स्वीकार र गम्भीर समीक्षा गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुपर्ने उल्लेख गर्दै विज्ञप्तिमा उनीहरूले नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट स्थापित लोकतान्त्रिक गणतन्त्र, संघीयता, समानुपातिकता, समावेशिता, धर्मनिरपेक्षता जस्ता मूलभूत उपलब्धिको संरक्षण गर्नु सबैको दायित्व भएको समेत बताएका छन् ।

पूर्वसभामुखद्धयले जारी गरेको विज्ञप्तिमा 'जेन-जी' पुस्ताले आह्वान गरेको प्रदर्शनका क्रममा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको छ ।

# मेरो कर्म राजनीतिमा संलग्न हुनु होइन : डा रुइत

**काठमाडौं ।** वरिष्ठ नेत्ररोग विशेषज्ञ डा सन्दुक रुइतले राजनीतिमा प्रवेश गर्ने सम्भावना नरहेको खुलस्त पारेका छन् । उनले बुधबार एक विज्ञप्ति जारी गर्दै 'जेन-जी' प्रदर्शनपछि बनेको अन्तरिम सरकारमा मन्त्री बन्ने चर्चा हल्ला मात्र भएको बताएका हुन् ।

लामो चिकित्सकीय यात्रामा साथ दिँदै आएका डा रुइतले नेपालीबाट भविष्यमा पनि सदभाव, साथ र माया पाइरहने विश्वास व्यक्त गरे । 'मलाई प्रत्येक राजनीतिक उथलपुथलपछि कुनै न कुनै पदमा बसेर नेतृत्व गर्न आग्रह आउने गरेको छ, तर म स्पष्ट छु मेरो कर्म भनेको नेपाली र संसारभरका बिरामीलाई आफ्नो सीप, ज्ञान र समय दिएर सेवा गर्नु हो' विज्ञप्तिमा उल्लेख छ ।

सबै नागरिकले आ-आफ्नो पेसा, कर्म र व्यवसायमा इमानदारीपूर्वक लागे मुलुकको अवस्था परिवर्तन गर्न धेरै समय नलाग्ने बताउँदै उनले आफू निरन्तर चिकित्सकीय पेसामार्फत नागरिक सेवामा तल्लीन रहने विश्वास दिलाए ।

# सबै सुध्रिएर संविधान जोगाऔं : मुख्यमन्त्री कँडेल

**काठमाडौं ।** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले पछिल्लो समय प्रतिगामी शक्तिहरू गणतन्त्र उल्टाउन दुष्प्रयासमा लागेको बताएका छन् । नेपाल कम्युनिस्ट पार्टी (एमाले) वीरेन्द्रनगर कमिटीले बुधबार सुर्खेतमा आयोजना गरेको भेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले ७० वर्ष लामो संघर्षपछि प्राप्त भएको गणतन्त्र र संविधानमाथि प्रहार हुन थालेकाले सम्पूर्ण नागरिक सचेत हुनुपर्नेमा जोड दिए ।

राजनीतिक परिस्थिति नयाँ मोडतर्फ गएको र संविधान अर्धमृत अवस्थामा पुगेको चर्चा गर्दै उनले नागरिकस्तरबाटै होसियार रहनुपर्ने बताए । 'सात दशकको त्याग, बलिदान र संघर्षपछि ल्याइएको संविधान समस्यामा छ । यसलाई जोगाउन सम्पूर्ण नागरिक सचेत हुन जरूरी छ' उनको भनाइ थियो 'सरकारले बेलैमा कानुनी संरचना परिवर्तन नगरेको र संवैधानिक व्यवस्था कार्यान्वयनमा कमजोर देखिएका कारण यो अवस्था आएको हो । अब सबै सुध्रिनुपर्छ ।'

पार्टी कार्यकर्तालाई जनस्तरमा मजबुत सम्बन्ध बनाउन, विश्वास जगाउन र संगठनलाई बलियो बनाउन आह्वान गर्दै उनले व्यक्तिगत विषयभन्दा परिस्थिति बुझेर दायित्व पूरा गर्न निर्देशन दिए । उनले संविधान दिवसलाई विशेष रूपमा मनाउनुपर्नेमा समेत बताए ।

# खण्डहर सिंहदरबारका भग्नावशेष देखेर दुःखित कर्मचारी

**काठमाडौं ।** हरपल भिडभाड देखिने सिंहदरबार परिसर 'जेन-जी' प्रदर्शनको त्रासदीपछि कार्यालय सञ्चालन हुने समय पनि सुनसान देखिएको छ । गत भदौ २३ र २४ गते प्रदर्शनकारीले राष्ट्रको ऐतिहासिक धरोहर सिंहदरबारमा तोडफोड गर्दै आगजनी गरेपछि आफूले काम गर्दै आएको मन्त्रालय तथा कार्यालय ध्वस्त भएपछि कर्मचारीमा त्रास र निराशाको अवस्था देखिएको थियो ।

कर्मचारीहरू राष्ट्रका सम्पत्ति, जलेका मन्त्रालयका भवन र सवारीसाधनको भग्नावशेष देखेर आफूहरूको मन कुँडिएको दुःखेसो सुनाउँछन् । आगजनीबाट धेरै मन्त्रालयका सवारीसाधन नष्ट भएपछि माथिल्लो तहका कर्मचारी समेत मोटरसाइकल र स्कुटरमा कार्यालय पुगेका थिए । शिक्षा मन्त्रालयको भुँइतलामा रहेको राष्ट्रिय सतर्कता केन्द्रको आधा भाग जलेर नष्ट भएकाले भित्र प्रवेश गरी क्षतिको वास्तविक आँकडा यकिन गर्न कठिन भएको प्रवक्ता नारायणप्रसाद भट्टले बताए । एक साता अघिसम्म सुन्दर फूलहरूको बिचमा रहेको सिंहदरबार खण्डहर बनेको देख्दा जो-कोही भावुक नहुने कुरै भएन । मंगलबार ऊर्जा मन्त्रालयमा कार्यरत कर्मचारी पारसमणि राई र उनका सहकर्मी प्रेम गौतम मन अमिलो पार्दै प्रधानमन्त्री कार्यालयको भवन नियाल्दै निकैबेर टोलाए । 'मन आत्तियो, हेर्नै नसकिने गरी खरानी बनाएछन्' गौतमको भनाइ थियो 'देशको सम्पत्ति जलाएर के पाए ?'

'जनताको करले बनेको सिंहदरबार जलाउने कस्ता जनता होलान्' राईको गुनासो थियो 'प्रधानमन्त्री कार्यालयको छेवैको ऊर्जा मन्त्रालय पनि खण्डहर बनेको छ' उनले थपे 'तस्बिर सधैं रमाइलोका लागि मात्रै खिचिँदो रहेनछ, सम्झनाका रूपमा फोटो खिचेकी छु ।' सबैभन्दा बढी क्षति गृह मन्त्रालय भएको छ । गृहमन्त्रालयमै ३१ वर्षदेखि निरन्तर कार्यरत कर्मचारी केदार घिमिरेका अनुसार खरानी भएको कार्यालय देख्दा मन पोल्यो । उनले भने 'मलाई त बेघर भएजस्तो लागेको छ । खरानीबाहेक केही छैन ।'

'जेन-जी' आन्दोलनका क्रममा जलेर भग्नावशेष भएको गृहमन्त्रालय अहिले पुरानो परराष्ट्र मन्त्रालयको शाखामा सारिएको छ । साँघुरो भए पनि त्यहीँबाट सेवा विस्तार गर्ने विपत तथा व्यवस्थापन महाशाखाका प्रमुख तथा सहसचिव गोविन्द रिजालले जानकारी दिए । मूल प्रशासनिक केन्द्रका रूपमा रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा आगजनीका कारण क्षति भएपछि गृह मन्त्रालयको नवनिर्मित भवनमा सार्ने तयारी गरिएको छ । त्यसका लागि कर्मचारीहरू बचेखुचेका कम्प्युटर, ल्यापटप, कागजातलगायत सामग्री सार्न व्यस्त देखिए ।

सिंहदरबारको पश्चिम खण्डको मूलभागमा चार दिनदेखि सल्किरहेको निस्किरहेको धुवाँको मुस्लो आगो नियन्त्रणका लागि वारुणयन्त्रले पानीको फोहोरा हानिरहेको थियो । आगजनी गरिएका मन्त्रालयमा प्रवेश गर्न सुरक्षाका हिसाबले जोखिम देखिएपछि कर्मचारीहरू बाहिरै बसेर फर्किएका थिए । गृह मन्त्रालयका एक कर्मचारीले भने 'निर्देशनानुसार मन्त्रालयमा उपस्थिति भइयो, पेटीमा बसेर हाजिर गरियो, मन्त्रालय ध्वस्त भएको छ, के-कति क्षति भयो, यकिन हुन सकेको छैन ।' आगजनीबाट भएको क्षतिको पहिचान गर्ने, विवरण संकलन तथा तथ्याङ्क बुझ्ने काम भइरहेको छ ।

सिंहदरबारभित्रका मन्त्रालय र सडकको सरसफाइ क्रमशः सुरु गरिएको छ भने तोडफोड भएका सामग्रीको व्यवस्थापन आरम्भ भएको छ । सिंहरबार बाहिर रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पनि आगजनीबाट क्षतिग्रस्त भएको छ । देशको एकमात्रै फरक डिजाइनको उक्त भवनमा घटना भएको चौथो दिनसम्म पनि आगो निभेको छैन । स्वास्थ्य सचिव डा विकास देवकोटाले भवन जलेर नष्ट भएकाले आफूहरूले 'भर्चुअल' माध्यमबाट काम प्रारम्भ गरेको बताए ।

प्रदर्शनका क्रममा भएको तोडफोड र आगजनीका कारण प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा राष्ट्रिय सतर्कता केन्द्रमा बढी क्षति भएको छ ।

# एमाले कार्यालय पुनर्निर्माण थाल्न कार्यकर्तालाई आह्वान

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव शंकर पोखरेलले देशैभरका क्षतिग्रस्त पार्टी कार्यालयको पुनर्निर्माण सुरु गर्न कार्यकर्तालाई आह्वान गरेका छन् । 'जेन-जी' आन्दोलनका क्रममा क्षतिग्रस्त ललितपुर च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयको निरीक्षणपछि उनले सरकारी संयन्त्रसँग समन्वय गरेर सार्वजनिक संरचनाको निर्माणमा योगदान गर्न पार्टी पंक्तिलाई निर्देशन दिएका हुन् ।

महासचिव पोखरेलले आगामी असोज ३ गते खरानीको थुप्रोबाटै संविधान दिवस मनाउन निर्देशन दिएका छन् । 'लामो संघर्षबाट २०७२ सालमा प्राप्त संविधान दिवस असोज ३ गते पर्दछ । उक्त दिवस हामी खरानीकै थुप्रोबाट मनाउने छौं । सबै जिल्लाले यो कार्यक्रम गर्नुहुनेछ । काठमाडौं उपत्यकामा पार्टी केन्द्रीय कार्यालयको प्राङ्गणमा कार्यक्रम हुनेछ' उनको भनाइ थियो ।

उनले सधैं सडकबाट निर्णय नहुने भएकाले सडकबाट प्राप्त उपलब्धीलाई संविधानमा संस्थागत गर्नुपर्ने बताए । उनले अन्तरिम सरकारले भ्रष्टाचार अन्त्य र शुसासनका कदम अघि बढाउँदा एमालेले सहयोग गर्ने बताए । अन्तरिम सरकारको मुल काम सुरक्षाको वातावरण बनाउने र समयमा निर्वाचन गराउने भएको उनको भनाइ थियो । 'नेपालका सबै लोकतान्त्रिक पार्टी जनतामा गएर, जनताबीचबाट अभिमत प्राप्त गर्ने प्रक्रियामा प्रवेश गर्नुभएको छ भन्ने हामी ठान्दछौं' महासचिव पोखरेलले भने ।

# जिम्मेवारीबाट भाग्ने छुट कसैलाई छैन : घिसिङ

**काठमाडौं ।** भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सेवा प्रणालीलाई छिटो प्रवाह गर्नुपर्नेमा जोड दिएका छन् । 'जेन-जी' प्रदर्शनपछि मन्त्रालयको पदभार ग्रहणपछि उनले सवारी चालक अनुमतिपत्र समयमा उपलब्ध गराउनुपर्नेमा जोड दिएका हुन् ।

पदभार ग्रहण गर्दै घिसिङले अनुमतिपत्र ढिलो प्राप्त हुने गुनासोको सम्बोधन गर्न द्रुत गतिमा वितरण गर्नुपर्ने बताए । मन्त्री घिसिङले सोअनुरूप कार्य गर्न सम्बन्धित कर्मचारीलाई आग्रह समेत गरे । दसैंअघि सडक सुधार गर्नुपर्नेमा उनको जोड थियो । 'सेवा प्रणालीलाई छिटो प्रवाह गर्ने गरी काम गर्नुपर्छ । चुनौती त धेरै छन् तर जिम्मेवारीबाट भाग्ने छुट छैननि' मन्त्री घिसिङले भने 'कार्बन उत्सर्जन कटौती गरेर जलवायु परिवर्तनको असर न्यूनिकरणका लागि विद्युतीय सवारी साधन प्रवर्द्धन गर्नुपर्छ । यसका लागि चार्जिङ स्टेशन निर्माणबारे सात दिनभित्र प्रतिवेदन तयार गर्नुस् । अनि पेट्रोल तथा डिजेलको आयात घटाएर आर्थिक सुधार गर्न सकिन्छ ।'

पदभार ग्रहणपछि गरिएको निर्णयअनुसार विद्युतीय सवारी साधन चार्ज गर्ने पूर्वाधार, मर्मत सम्भार गर्ने 'वर्कसप' तथा ब्याट्री व्यवस्थापनबारे सुझाव सिफारिस गरिने भएको छ । साथै, विद्युतीय सवारी साधनको प्रयोग प्रवर्द्धन गर्न संस्थागत क्षमता विकास, अन्तरनिकाय समन्वय, गुणस्तर र मापदण्ड सुधारसम्बन्धी विषयमा समेत सुझाव सिफारिस गर्ने निर्णय भएको छ । मन्त्रालयका सचिव केशवकुमार शर्माले मन्त्रालय अन्तर्गतका सडक विभाग र यातायात व्यवस्था विभाग आगलागीका कारण क्षतिग्रस्त भएको मन्त्री घिसिङलाई जानकारी गराए । 'अब सडक विभागका कामकारबाही ललितपुरस्थित चाकुपाटमा रहेको मेकानिकल ट्रेनिङ सेन्टरबाट गर्ने तयारी छ । तर यातायात व्यवस्था विभागको काम कारबाही अहिले पालमुनीबाट भइरहेको छ । अब कसरी व्यवस्थापन गर्ने अन्योल छ' उनले भने 'मन्त्रीज्यू, तपाईं जनअपेक्षा अनुरूप काम गर्नुस, हामी साथ दिनेछौं ।'

# मन्त्रिपरिषदले आकार लिँदै, तीन मन्त्रीको सपथ

**काठमाडौं ।** नवनियुक्त तीन मन्त्रीहरूले पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरू रामेश्वर खनाल, कुलमान घिसिङ र ओमप्रकाश अर्याललाई शपथ गराएका हुन् । राष्ट्रपति पौडेलले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा आइतबार नियुक्त गरेका उनीहरूलाई शपथ गराएका हुन् ।

नवनियुक्त खनाललाई अर्थ मन्त्रालय, घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालय, अर्याललाई गृह र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी तोकिएको छ भने अन्य मन्त्रालयको कार्यभार प्रधानमन्त्री कार्कीले आफैं राखेकी छन् । खनाल पूर्वअर्थ सचिव, घिसिङ नेपाल विद्युत प्राधिकरणका पूर्वकार्यकारी निर्देशक र अर्याल अधिवक्ता हुन् । खनालले आर्थिक सुधार र सुशासनका क्षेत्रमा काम गर्दै आएका छन् भने घिसिङले प्राधिकरणको जिम्मेवारीबाट हटेपछि नागरिकका आवाज उठाउँदै आएका छन् । अधिवक्ता अर्यालले अख्तियार दुरूपयोग अनुसन्धान दुरुपयोगका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिको अयोग्यतासम्बन्धी मुद्दामा पुनरावेदन हालेपछि उनी चर्चामा आएका थिए ।

शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित रहेको थियो । नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले पदभार ग्रहण गरेका छन् । पदभार ग्रहण गर्दै उनले बजेट कार्यान्वयनका लागि आयोजना प्राथमिकिकरणका लागि तीन सदस्यीय कार्यदल गठन गरेका छन् । उनले बजेटमा समावेश भए पनि पूर्वतयारी नभएका र टुक्रे आयोजना कार्यान्वयन नगर्ने निर्णय गरेका छन् । आवधिक योजनाअनुसार आयोजना बजेटमा परे नपरेको यकिन गर्ने र प्राथमिकतामा नपरेका टुक्रे आयोजना पहिचान गरी खर्च कटौती गर्ने समेत उल्लेख गरे ।

यसैगरी, नवनियुक्त ऊर्जा तथा जलस्रोत मन्त्री कुलमान घिसिङले पदभार ग्रहण गर्दै विशेष परिस्थितिमा अन्तरिम सरकार बनेको सन्दर्भ उल्लेख गर्दै देशलाई समृद्धि र राजनीतिक स्थायित्वको चुनौतीलाई सामना गर्दै जिम्मेवारी बहन गर्ने बताए । 'नेपाल आर्थिक र राजनीतिक रूपमा संकटमा छ, यतिबेला व्यवसायी, देशभित्र र बाहिर भएका नागरिकले सहयोग गर्नुपर्छ' उनको भनाइ थियो 'डेडिकेटेड र ट्रङ्कलाइनको वक्यौता उठाउन निर्देशन दिइएको छ, यो तत्काल गर्नुपर्ने काम हो ।'

'जेन-जी' पुस्ताको प्रदर्शन र यसबाट उत्पन्न परिस्थितिका बीच राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई गत भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गरेका थिए ।

# जापानिज इन्सेफ्लाइटिसबाट पाँचको मृत्यु

**काठमाडौं ।** जिल्लामा जापानिज इन्सेफ्लाइटिसका कारण पाँच जनाको मृत्यु भएको छ । संक्रमित १६ जनामध्ये उनीहरूको मृत्यु भएको हो । जनस्वास्थ्य कार्यालय चितवनका अनुसार पछिल्लो पटक भदौ २३ गते एक जनाको मृत्यु भएको थियो ।

कार्यालयका प्रमुख दिनेश रूपाखेतीका अनुसार राप्ती नगरपालिकाका ४२ वर्षीया महिलाको मृत्यु भएको हो । जिल्लामा यसअघि मृत्यु हुनेमा भरतपुर महानगरपालिका-२२ का ७० वर्षीय वृद्ध, कालिका नगरपालिका-५ का ८९ वर्षीय वृद्ध, राप्ती नगरपालिका-१२ की ७० वर्षीया वृद्धा र भरतपुर महानगरपालिका-१२ की ८१ वर्षीया वृद्धा रहेका थिए । साउनयता उनीहरूको मृत्यु भएको हो । गत आर्थिक वर्षमा चितवनमा देखिएका तीन जना संक्रमितमध्ये एक जनाको मृत्यु भएको थियो । जापानिज इन्सेफ्लाइटिस भरतपुर महानगरपालिका, कालिका नगरपालिका, राप्ती नगरपालिका, खैरहनी नगरपालिका र माडी नगरपालिकाका व्यक्तिमा देखिएको छ ।

यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो । यो लामखुट्टे घरबाहिर बस्न रुचाउने, घरबाहिर नै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ । यो लामखुट्टेले सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपक्षीलाई टोक्यो भने सर्दछ । धानखेतीमा समेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गरेको कार्यालयका प्रमुख दिनेश रूपाखेतीले जानकारी दिए ।

# मध्यपहाडी लोकमार्गको बुर्तिवाङ–पूर्वी रुकुम खण्ड अवरुद्ध

**काठमाडौं ।** भीषण बाढीका कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको निसीखोला गाउँपालिका-४ स्थित कालापैराखोलामा आएको बाढीले बुर्तिबाङ-पूर्वी रुकुम खण्ड पूर्ण रूपमा अवरुद्ध बनेको हो ।

आइतबार दिनभरको वर्षापछि राति भीषण बाढी आएका कारण अवरुद्ध लोकमार्ग खुलाउन नसकिएको निसीखोला-४ का वडाध्यक्ष टीकानिधि पौडेलले जानकारी दिए । लोकमार्ग अवरुद्ध हुँदा रुकुम पूर्वदेखि काठमाडौं, पोखरा जाने यातायातका साधन कालापैरामा ठप्प भएका छन् ।

बुर्तिबाङदेखि निसी, भल्कोट हुँदै पूर्वी रुकुम र रोल्पा पुग्ने साना तथा यातायातका साधन कानाबगरमा रोकिएको अध्यक्ष पौडेलले बताए । लोकमार्गसँग सहकार्य गरेर सडक खुलाउने प्रयास गरिरहेको पनि उनले बताए । निरन्तर वर्षाका कारण लोकमार्गका विभिन्न ठाउँमा पहिरो जाने र रुख ढल्ने गर्दा ठाउँ-ठाउँमा सडक अवरुद्ध भइरहेको अध्यक्ष पौडेल बताए । वर्षा हुँदा बित्तिकै माथिदेखि लेदो झर्ने र सडकमा थुप्रिँदा यातायात सञ्चालन हुन नसक्ने पौडेलले बताए ।

# बजार पुर्‍याउन नपाउँदा बगानमै केरा नष्ट

**काठमाडौं ।** 'जेन-जी' प्रदर्शनका कारण बजार र यातायात बन्द भएपछि झापाका व्यावसायिक केरा बोटमै नष्ट भएको किसानहरूको गुनासो गरेका छन् । भद्रपुर र गौरीगञ्जमा ८० बिघाह क्षेत्रफलमा केरा खेती गर्दै आएका श्रीगणपति एग्रिकल्चर प्रालिका सञ्चालक प्रेम खड्काले पाकिसकेको २५ देखि ३० लाख मूल्य बराबरको केरा बजार पुर्‍याउन नपाउँदा बगानमै खेर गएको बताए ।

'बजारमा लैजाने तयारी हुँदै थियो, प्रदर्शन सुरु भइहाल्यो' खड्काले भने 'बन्दका कारण उत्पादनलाई बजार पुर्‍याउन पाइएन । बगानमै खेर गयो ।' उनले यस वर्ष उत्पादन राम्रो भए पनि बजार पुर्‍याउन नपाएको गुनासो छ । उनले 'जेन-जी' प्रदर्शन सकिए तापनि मनसुनी वर्षा र बजारको अन्योलका कारण अहिले बगानमा पाकेका केरा ठूलो परिमाणमा नष्ट हुने जोखिम बढेको बताए । झापामा उत्पादित केरा काठमाडौं, विराटनगर, पोखरा, वीरगञ्ज, नेपालगञ्ज, धरान, इलामलगायतका जिल्ला बाहिरका सहर बजारमा बिक्रीका लागि पुर्‍याउने गरिएको छ । किसानले प्रतिघरी केरा पाँच देखि छ सय रूपैयाँमा बिक्री गर्दै आएका छन् ।

कनकाई-३ र शिवसताक्षी-७ मा ७० बिघाह क्षेत्रफलमा चिनीचम्पा र मद्रासी जातको केराखेती गर्दै आएका बेनु पराजुलीले गत वैशाखमा हावाहुरीले पुर्‍याएको क्षतिको चोट नथाक्दै विषम राजनीतिक परिस्थितिले दुई सय घरी पाकेको केरा बगानमै नष्ट भएको बताए । झापा गाउँपालिका-३, ४, ६ र ७ मा ३० बिघाह केराको व्यवसायिक खेती गर्दै आएका चन्द्र बस्नेतको 'जेन-जी' प्रदर्शनका क्रममा दस लाख बराबरको क्षति भएको छ । प्रदर्शनकारीले बगानभित्रै पसेर केरा काटेर नष्ट गरिदिएका उनले बताए ।

गो.हु.का. द.नं.: ४५/०६३/६४ का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## जलेको हेडक्वार्टर...

थोपर्यो भने के हुन्छ, त्यो हामीले व्होरेर आएका हौं । हिजो जनयुद्ध हाम्रो रहर थिएन, जनतामाथिको शोषण, दमन, भेदभाव र हिंसा विरुद्धको प्रतिरोध थियो । सीमान्त वर्ग, लिङ्ग, जाति, क्षेत्र र समुदायले राज्यसँग बन्दुक उठाएर आफ्नो हक मागे । हजारौंको बलिदान, लाखौंको त्याग र तपस्यापछि माओवादी र सात राजनीतिक दल १२ बुँदे सहमतिमा आए । १९ दिने जनआन्दोलन, बृहत शान्ति सम्झौता, अन्तरिम व्यवस्थापिका संसद र अन्तरिम सरकार हुँदै देश संविधानसभामा प्रवेश गर्‍यो । दलित, महिला, आदिवासी जनजाति, थारु, मुस्लिम, मधेसी, कर्णाली, सुदूरपश्चिम लगायत उपेक्षित उत्पीडित वर्ग र समुदायले आफैं आफ्नो संविधान लेख्न बसे । पहिलो र दोश्रो संविधानसभामा शासन प्रणालीलाई यथास्थितिमा टिकाइराख्ने र अग्रगमनतर्फ लैजाने विषयमा ठूलो संघर्ष भयो । माओवादी बाहेकका दलहरू परम्परागत संसदीय अभ्यासभन्दा माथि जान चाहेनन् । तर संविधान जारी नगर्ने हो भने देश नै विभाजनको डीलमा जाने खतरा उत्पन्न भएपछि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखलगायत कैयन असहमतिलाई फरक मतका रूपमा राख्दै हामीले संविधान जारी गर्यौं ।

आज म 'जेन-जी' आन्दोलनकारीहरूलाई यत्तिमात्र स्मरण गराउन चाहन्छु कि दस वर्षअघि हामीले दर्ज गरेका फरक मत र अहिले 'जेन-जी' आन्दोलनले राखेका मागमा समानता छ । त्यतिखेर संविधानसभामा हाम्रो संख्या पुगेन, हामीले सम्झौता गर्नुपर्यो । तर, हामीले हाम्रा असहमतिहरूलाई लिखित फरक मतका रूपमा इतिहासको अदालतमा दर्ज गरेका थियौं । अहिले 'जेन-जी'ले मागेको प्रत्यक्ष निर्वाचित कार्यकारी हाम्रो त्यतिबेलैको सबैभन्दा मुख्य फरक मत थियो । पैसाको खोलो बग्ने र भुइमान्छेले चुनाव लड्ने कल्पनै गर्न नसक्ने अहिलेको निर्वाचन प्रणाली हामीले भत्काउन चाहेका थियौं । हामी पूर्ण समानुपातिक निर्वाचन प्रणालीका पक्षमा थियौं । पछिल्ला घटनाक्रम हेर्दा कता-कता यस्तो लाग्छ, हाम्रा फरक मतहरू त्यतिबेलै स्वीकार गरिन्थ्यो र त्यसको सफल कार्यान्वयन हुन्थ्यो भने आज युवाहरूले विद्रोह गर्नुपर्ने र गत बगाउनुपर्ने अवस्था सिर्जना नहुन सक्थ्यो । परम्परागत दलहरूले परिवर्तनको आवाज सुन्न ढिला गर्दा दस वर्ष लामो जनयुद्धमा ठूलो क्षति भयो र अहिले 'जेन-जी' विद्रोहमा पनि देशले ठूलो मूल्य चुकाउन पर्यो ।

आदरणीय जनसमुदाय ! प्रधानमन्त्रीका रूपमा वा प्रमुख प्रतिपक्षी दलको नेताका रूपमा मैले कांग्रेस र एमालेका नेतृत्वलाई जनताको आवेग र आक्रोशसँग नखेल्न निरन्तर खबरदारी गरिरहें । रोस्टमबाट मात्र होइन, सडकबाट, हुलाकी राजमार्गकेन्द्रित अभियानदेखि मध्यपहाडी लोकमार्ग केन्द्रित अभियानबाट पनि लाखौं जनतालाई साक्षी राखेरै पटक-पटक भनिरहें । श्रीलंका र बङ्गलादेशको संकट संसदमा संख्याको संकट थिएन । त्यसैले दुई तिहाइको घमण्डबाट बाहिर निस्कन सुझाव दिइरहें । सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धको विरोध पनि गरिरहें । प्रतिपक्षका रूपमा संसदमा हाम्रो जत्रो आकार थियो, त्योभन्दा धेरै नै ठूलो प्रतिरोध हामीले गर्यौं । कुशासन, भ्रष्टाचार, पक्षपात, शासकीय दम्भ र अत्याचारविरुद्ध हामी सडकदेखि सदनसम्म लड्यौं । राजनीतिक दलका रूपमा 'जेन-जी' आन्दोलनका मागमा पहिलो समर्थन पनि हामीले नै गर्यौं । आन्दोलनमा चरम दमनपछि २३ गते साँझ नै हामीले प्रधानमन्त्रीको राजीनामा मागेका हौं । संसद विघटनको विधि र प्रक्रियामा असहमत हुँदा-हुँदै पनि अन्तरिम सरकारको नेतृत्वका लागि राष्ट्रपतिज्यूसँग सहजीकरणमा प्रचण्ड र माओवादी केन्द्रको के-कस्तो भूमिका रह्यो त्यो सबैमा स्पष्ट नै छ । म यत्ति भन्छु, मेरा लागि 'जेन-जी' आन्दोलन माओवादी जनक्रान्तिले सम्झौताको टेबलबाट पूरा गर्न नसकेका एजेण्डाहरूकै अभिव्यक्ति हो । 'जेन-जी' आन्दोलनको बलमा त्यही संसदबाट प्रत्यक्ष निर्वाचित कार्यकारी हुने शासकीय स्वरूपमा जाने गरी तत्काल संविधान संशोधन गर्न सकिन्थ्यो । देशका अरु आवश्यकता र औचित्यका आधारमा संविधान संशोधन गर्न सकिन्थ्यो । त्यसपछि बरु संसद विघटनबारे सोच्न सकिन्थ्यो । तर आज 'जेन-जी' आन्दोलनको उपलब्धि केवल अन्तरिम सरकार र निर्वाचनको घोषणामा सीमित भयो, शासकीय स्वरूप नै बदल्ने र इतिहास रच्ने मौका गुम्यो । मलाई विश्वास छ, 'जेन-जी' आन्दोलन लोकतन्त्रविरोधी होइन बरु यथास्थिति र तदर्थवादी शासन प्रणालीको विरोधी र उन्नत लोकतन्त्रको पक्षधर हो । त्यति हुँदाहुँदै पनि २३ र २४ भदौका आन्दोलनलाई एउटै कोणबाट हेर्न सकिँदैन । २३ भदौको आन्दोलन वास्तविक 'जेन-जी' आन्दोलन थियो जसलाई सरकारले क्रूर नरसंहारमा परिणत गर्यो, त्यसबाट आन्दोलनकारीहरूमा सरकारप्रति देखिएको चरम आक्रोश स्वभाविक थियो तर २४ गते राष्ट्रकै गौरवका रूपमा रहेका सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन लगायतका संरचनामा देशव्यापी रूपमा तोडफोड, लुटपाट र आगजनीबाट जसरी विध्वंस गरियो ति 'जेन-जी'का काम थिएनन् । ति त प्रतिगमनकारी र अपराधितत्वहरूको नेपाल र नेपाली जनताविरुद्ध गरिएका प्रहार थिए । यसबाट आज देश इतिहासकै गम्भीर संकटमा परेको छ । आफ्नो विवेक सौर्य र बलिदानका कृतिमानबाट हाम्रा पुर्खाहरूले बचाएको नेपालको राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता र नेपाली जनताको आत्मसम्मानमा आज गम्भिर प्रश्न खडा हुँदैछ । आफ्नो देशको बारेमा आफैं निर्णय लिने नेपाली जनताको आत्मनिर्णयको अधिकार तथा राष्ट्रिय स्वाधिनताको रक्षाका लागि सम्पूर्ण देशभक्त नेपालीहरू एकजुट भएर राष्ट्रिय आन्दोलन सृष्टि गर्नु आजको ऐतिहासिक आवश्यकता बनेको छ । त्यसका लागि सम्पूर्ण देशभक्त र लोकतन्त्रवादी शक्ति र आम जनसमुदायसँग विशेष अपिल गर्न चाहन्छु ।

आदरणीय देशभक्त जनसमुदाय ! आज संविधान दिवसको अवसरमा म स्वीकार गर्छु, कि हामीबाट पनि कमजोरी भए । हामीले गलत विचार र नीति लिएका होइनौं तर व्यवहारमा हामी कतै न कतै चुक्यौं । वर्ग र समुदायसँगको हिजोको हाम्रो जीवन्त सम्बन्ध कतै न कतै फितलो भयो । सहीद परिवार, बेपत्ता परिवार, घाइते, अपांग र यातनापीडित साथीहरूका हामीप्रतिका अपेक्षा पूरा गर्न हामी कतै न कतै अलमलियौं । एक्लै सरकारको नेतृत्व गर्न हाम्रो कहिल्यै संख्या पुगेन । गठबन्धनको बाध्यात्मक राजनीतिले हामीलाई पनि कतै न कतै बिटुलो बनायो । हामीले देशविरुद्ध कुनै राष्ट्रघाती सम्झौता गरेनौं, कुनै काण्डमा मुछिएनौं, कुनै कलंकको टीका लगाएनौं, भ्रष्टाचारविरुद्ध जुधिरह्यौं तर जनताको हामीप्रतिको अपेक्षाको सापेक्षतामा हामी कमजोर देखियौं । तपाईंहरूले देखिरहनु भएको छ, हामीले आफूलाई सच्याइरहेका छौं र अझ सच्याउनेछौं । हामीले निश्चित बिधि र प्रक्रियामा नेतृत्व हस्तान्तरणबारे छलफल गरिरहेका छौं । लोकतन्त्रको यो भण्डामा सबैभन्दा धेरै रगत हाम्रै छ । जनतासँग प्रत्यक्ष र सार्थक सम्बन्ध कायम गरेर हामी यो भण्डाको रक्षा गर्नेछौं ।

आदरणीय जनसमुदाय ! देश र जनताविरुद्धका षड्यन्त्र सकिएका छैनन् । अन्तरिम सरकारलाई पनि असफल बनाउने प्रयास शुरु भइसकेको छ । चुनाव हुन नदिन र मुलुकलाई थप अस्थिरतातिर लैजान योजनाबद्ध प्रयास हुनसक्छ । हामी घोषित निर्वाचन समयमैं सम्पन्न होस् भन्ने चाहन्छौं । देशभक्त र लोकतन्त्रवादी शक्तिहरूका लागि अबका दिनहरू निरन्तर चुनौतीपूर्ण हुनेछन् । हाम्रो स्पष्ट मत छ, संविधान र लोकतान्त्रिक गणतन्त्र एवं यसका आधारभूत मान्यता भन्दा पछाडि फर्केर हामी समाधानमा होइन, थप संकटमा पुग्छौं । लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र हो । इतिहासको चिहानमा मिल्काइएका-हरूले युवा पुस्ताको परिवर्तनको चाहनालाई उपयोग गरेर जनताका उपलब्धि उल्ट्याउन चाहेका छन् । त्यसैले अहिले देशले सबै लोकतन्त्रवादी, गणतन्त्रवादी, परिवर्तनप्रेमी शक्तिबीच दह्रो एकता खोजेको छ । संविधान र लोकतन्त्रको रक्षामार्फत् राष्ट्रको स्वतन्त्रताको रक्षा गुर्न हामी सबै नेपालीको साझा कर्तव्य हो । यो दिन त्यो कर्तव्यको संकल्प गर्ने दिन हो । संविधान दिवसका अवसरमा म पुन सबैमा हार्दिक शुभकामना ।


## संविधानको एक दशक !

- संविधान देशको मूल कानून हो,
- संविधानप्रदत्त हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो,
- संविधान अनुरूप बनाइएका कानुनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसँग बाझिने कानूनहरू बाझिएको हदसम्म अमान्य हुन्छन्,
- नेपालको संविधान जारी भएको एक दशक पूरा भएको अवसरमा संविधान दिवस भव्य रूपमा मनाऔं ।

संविधानको पालना गर्नु सबैको कर्तव्य हो !

नेपाल सरकार
विज्ञापन बोर्ड


## कार्की सरकार...

प्रविधि हस्तान्तरणलगायतका क्षेत्रमा चीनबाट प्राप्त सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गरेको परराष्ट्र मन्त्रालयका सहसचिव भृगु ढुंगानाले जानकारी दिए ।

प्रधानमन्त्री कार्कीले बाढीले बगाएको रसुवागढीस्थित मितेरी पुल पुनर्निर्माणमा तत्परतासहित चीन सरकारबाट प्राप्त सहयोगका लागि धन्यवाद दिँदै अन्य नाकाहरूबाट पनि आवतजावत सहजीकरणका लागि आवश्यक सहयोग प्राप्त हुने विश्वास व्यक्त गरिन् । नेपालका लागि चिनियाँ राजदूत चेनले चीन सरकारको तर्फबाट प्रधानमन्त्री कार्कीलाई बधाई दिँदै नेपाल र चीनबीचमा रहिआएको सम्बन्ध आगामी दिनमा अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गरिन् । चीन-नेपालबीच भएका सम्झौता, सहयोग र सहकार्यले निरन्तरता पाउने स्पष्ट गर्दै उनले दुवै देश र जनताका हितमा काम गर्न चीन सदैव तयार रहेको बताइन् ।

यसैबीच, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री बनेकोमा कार्कीलाई बधाई दिँदै चीन र नेपालबीच लामो समयदेखिको सम्मानित मित्रता रहेको चर्चा गरेकी छन् । उनले चीनले सधैंजस्तै नेपाली जनताले स्वतन्त्र रूपमा रोजेको विकास मार्गको सम्मान गर्ने बताएकी छन् । 'हामी शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तलाई प्रवर्द्धन गर्न, विभिन्न क्षेत्रमा आदान प्रदान र सहयोग बढाउन तथा द्विपक्षीय सम्बन्धलाई अझ अगाडि बढाउन नेपालसँग काम गर्न तयार छौं' चीनले भनेको छ ।

यसैगरी, दक्षिणी छिमेकी मुलुक भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यसअघि नै शनिबार सामाजिक सञ्जाल एक्समार्फत अन्तरिम सरकारका नवनियुक्त प्रधानमन्त्री कार्कीलाई शुभ-कामना दिएका थिए ।

गत शुक्रबार राति कार्कीको नियुक्तिलगत्तै भारतीय विदेश मन्त्रालयले कार्कीको नियुक्तिको स्वागत गरेको थियो भने शनिबार मोदीले भारतस्थित मणिपुरमा आयोजित सभालाई सम्बोधन गर्ने क्रममा नेपालबारे आफ्ना धारणा व्यक्त गरेका थिए । अस्थिर वातावरणमा पनि नेपालले लोकतान्त्रिक मूल्य मान्यतालाई कायम राख्न सफल भएको भन्दै उनले खुसी व्यक्त गरेका थिए । त्यसका लागि नेपाली नागरिकको प्रशंसा समेत गरेका उनले नेपालमा शान्ति, स्थिरता र समृद्धिको मार्ग पहिल्याउने विश्वास व्यक्त गरे । 'हिमालयको काखमा बसेको नेपाल भारतको एक साथी हो, घनिष्ठ मित्र हो । साझा इतिहासद्वारा जोडिएका छौं । सँगै मिलेर अगाडि बढिरहेको छौं' भारतीय प्रधानमन्त्री मोदीको भनाइ थियो । उनले अन्तरिम प्रधानमन्त्री कार्कीले नेपालमा शान्ति, स्थिरता र समृद्धिको मार्ग प्रशस्त गर्नेमा आफू विश्वस्त रहेको समेत बताए ।

'म आज नेपालको प्रत्येक व्यक्तिको प्रसंशा गर्दछु । जसले यस्तो अस्थिर वातावरणमा पनि लोकतान्त्रिक मूल्यमान्यतालाई सर्वोच्चमा राख्यो' आफ्नो भाषणमा उनले भने 'मैले सोसल मिडियामा त्यस्तो तस्बिरहरू देखेको छु । उनीहरूको यो सकारात्मक सोच र काम प्रेरणादयी छ ।' अन्तरिम सरकारकी प्रधानमन्त्री कार्कीलाई अन्तर्राष्ट्रिय जगतबाट बधाई आउने क्रममा शनिबार बङ्गलादेश र पाकिस्तानबाट बधाई आएको हो भने युरोपियन युनियनले नेपालमा पहिलो महिला प्रधानमन्त्री नियुक्तको स्वागत गरेको छ ।

यस्तैगरी, फिनल्यान्ड सरकारले पनि प्रधानमन्त्री कार्कीलाई बधाई दिएको छ । काठमाडौंस्थित दूतावासद्वारा जारी विज्ञप्तिमा कार्कीलाई बधाई दिइएको हो ।

## तोडफोड र लुटपाटमा संलग्न दुई पक्राउ

**काठमाडौं ।** सरकारी कार्यालय तोडफोड र लुटपाटमा संलग्न भएको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय नेपालगञ्जका प्रहरी नायब उपरीक्षक दीपक पातलीका अनुसार उक्त गतिविधिमा संलग्न भएको आरोपमा सामुदायिक प्रहरी जयसपुरका अध्यक्ष शालिकराम पाठक र दीपक टमाटालाई प्रहरीले पक्राउ गरेको हो ।

पाठकलाई नेपालगञ्जको जयसपुरस्थित घरबाट र टमाटालाई सुर्खेतबाट पक्राउ गरिएको जानकारी दिँदै उनले पाठक आगजनी र तोडफोडमा, टमाटा लुटपाटमा संलग्न रहेको जानकारी दिए । जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयगायतका सरकारी कार्यालयले तोडफोड, आगजनी र लुटपाट गर्नेहरूको तथ्य, प्रमाण, भिडियोलगायतका सामग्री उपलब्ध गराउन सूचना जारी गरेको केही दिनमै उनीहरू पक्राउ परेका हुन् । भदौ २३ र २४ गते नेपालगञ्जमा 'जेन-जी' प्रदर्शनका क्रममा दर्जनौं सरकारी कार्यालयमा आगजनी र लुटपाट घटना भएको थियो ।

प्रकाशक: कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं